मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक २२० • २०८३ साल असार १४ गते आइतबार • Sunday 28, June 2026 • सूर्योदय: बिहान ०५:१४ बजे • सूर्यास्त: साँझ ०७:०३ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## आफैँले चलाएको गाडी दुर्घटनामा उपमेयरको मृत्यु

**मधेशदृष्टि**
**प्युठान।**
स्वर्गद्वारी नगरपालिकाका उपप्रमुख मिनराज रानामगरको आफैँले चलाएको गाडी दुर्घटनामा मृत्यु भएको छ।
५० वर्षीय रानामगरले चलाएको लुप्र १–००१झ ०००८ नम्बर को गाडी अनियन्त्रित भई दुर्घटना हुँदा घटनास्थलमै मृत्यु भएको हो।
स्वर्गद्वारीबाट धनवाङ जाँदै गरेको गाडी स्वर्गद्वारी नगरपालिका–२ बाङ्गेसल्ला भन्ने ठाउँमा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय प्युठानले जनाएको छ । गाडी सडकदेखि अन्दाजी पाँच सय मिटर तल खसेको थियो।

# गृहमन्त्री सुधन गुरुङ सुटुक्क वीरगंज आएर फर्किए !



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल सरकारका गृहमन्त्री सुधन गुरुङ सुटुक्क बारा, पर्साको सीमा क्षेत्र पुगेर स्थानीयसँग अन्तरक्रिया गरेर काठमाडौँ फर्किएको खुलासा भएको छ। तर यसबारे मन्त्रीको सचिवालयले केही बताएको छैन। बारा र पर्साको प्रहरी प्रशासन पनि बेखबर छ।
चितवनमा रास्वपा महाधिवेशन सकिएपछि शुक्रबार राति गृहमन्त्री सुधन गुरुङ माडी, ठोरी हुँदै पर्साको ग्रामीण इलाकामा पुगेको पाइएको हो। उनी शनिबार बाराका सीमा क्षेत्रमा पुगेका थिए।
सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडियोमा गृहमन्त्री गुरुङले वीरगंजको सीमाक्षेत्र स्थलगत निरीक्षण मात्र गरेका छैनन्, स्थानीय जेष्ठ नागरिकहरुसँग कुराकानी गरेका छन्। उनीहरुको कुरा सुनेका छन्। स्रोतका अनुसार, मन्त्री गुरुङ जानकी टोला, मटिअर्वा, अलौँ पुगेर स्थानीयसँग अन्तरक्रिया गरेको पाइएको छ। यस्तै, आज मन्त्री गुरुङले प्रदूषित सिर्सिया नदी पनि अनुगमन गरेका थिए। उनी शनिबार साँझ हवाई मार्ग हुँदै काठमाडौँ गएको पाइएको छ। सीमाक्षेत्र पुगेर स्थानीयसँग कुराकानी गरेका मन्त्री गुरुङले मास्क लगाएका छन्। टोपी, हाफ टिसर्ट र पाइन्ट लगाएका छन्। गृहमन्त्री आएर सीमा निरीक्षण र स्थानीयसँग अन्तरक्रिया गरेको विषयमा पर्सा प्रहरी प्रशासनले अनविज्ञता जनाएको छ। प्रशासन स्रोतले भन्यो, 'यसबारे हामीलाई कुनै जानकारी छैन।'

# राजस्व जम्मा ११ खर्ब १२ अर्ब संकलन

- अब दैनिक १९ अर्ब ३४ करोड रुपैयाँ संकलन असम्भव
- शुक्रबार मात्रै पाँच अर्ब ३६ करोड ८२ लाख रुपैयाँ खर्च
- अनुदानमा ५५ प्रतिशतकै हाराहारीमा सरकारलाई असफलता
- विकास निर्माणका काममा खर्चमा ३४ दशमलव ८७ प्रतिशत उन्नति




**मधेशदृष्टि**
**वीरगंज।**
आर्थिक वर्ष सकिन केही दिन बाँकी हुँदा देशको आर्थिक ऐना धुमिल देखिएको छ। राजस्व संकलनको लक्ष्यमा राज्य आफैँ लयमा आउन नसक्दा अनेक आर्थिक सूचकहरु असार मसान्त नजिकिँदा खराब देखिएका छन्।
७५ दशमलव १७ प्रगति राजस्व संकलनको लक्षमा मात्र राज्य पुगेको छ जबकि आर्थिक वर्ष सकिन अब १८ दिन बाँकी छ। सरकारको दैनिक बजेटरी हिसाब किताब राख्ने महालेखा नियन्त्रक कार्यालयका अनुसार शुक्रबारसम्म जम्मा ११ खर्ब १२ अर्ब ४८ करोड ४६ लाख रुपैयाँ राजस्व उठेको छ।
चालु आर्थिक वर्षमा १४ खर्ब ८० अर्ब रुपैयाँ बराबर राजस्व सङ्कलन गर्ने लक्ष्य राज्यको

*बाँकी पृष्ठ २ मा*

# ११ महिनामा दुर्घटनामा ४८५ को मृत्यु

> जेठ मसान्तसम्म भएका ७ हजार ३ सय १७ दुर्घटनामध्ये ७ हजार २ सय दुर्घटना चालक वा अन्य मानवीय त्रुटिकै कारण भएको पाएका छौँ।
> –डीएसपी नवराज न्यौपाने, प्रवक्ता
> प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैया, बारा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
चालु आर्थिक वर्षको ११ महिनामा मधेश प्रदेशमा ७ हजार ३ सय १७ सवारी दुर्घटना भएका छन्। ती दुर्घटनामा ४८५ जनाले ज्यान गुमाएका छन् भने १० हजार ९ सय ५७ घाइते भएको प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाले जनाएको छ।
कार्यालयका अनुसार दुर्घटनाको संख्या अझै चिन्ताजनक रहे पनि अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा मृतक र घाइते दुवैको संख्यामा कमी आएको छ। प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाका प्रवक्ता डीएसपी नवराज न्यौपानेले अधिकांश दुर्घटनाको मुख्य कारण मानवीय लापरबाही रहेको बताए। उनका अनुसार जेठ मसान्तसम्म भएका ७ हजार ३ सय १७ दुर्घटनामध्ये ७ हजार २ सय दुर्घटना चालक वा अन्य मानवीय त्रुटिकै कारण भएका हुन्।
उनले दुर्घटना न्यूनीकरणका लागि ट्राफिक सचेतना कार्यक्रम, ट्राफिक नियमको कडाइका साथ कार्यान्वयन तथा नियमित अनुगमनलाई थप प्रभावकारी बनाइएको जानकारी दिए। दुर्घटनाको दर अझै उच्च रहे पनि मृतक र घाइतेको संख्या घट्दै जानु सकारात्मक पक्ष भएको उनको भनाइ छ।
तथ्याङ्कअनुसार गत आर्थिक वर्षभर मधेश प्रदेशमा ७ हजार ४ सय ४३ सवारी दुर्घटना हुँदा ५ सय ६४ जनाको मृत्यु भएको थियो भने १२ हजार १ सय २३ जना घाइते भएका थिए। चालु आर्थिक वर्षको यही अवधिसँग तुलना गर्दा मृत्यु हुनेको संख्या ३२ र घाइते हुनेको संख्या १ सय ५५ ले घटेको देखिएको छ।
यस अवधिमा ट्राफिक नियम उल्लङ्घन गर्ने सवारीसाधनमाथि गरिएको कारबाहीबाट उल्लेख्य राजस्व पनि सङ्कलन भएको छ। प्रदेश ट्राफिक प्रहरीले १ लाख ८ सय ५९ सवारीसाधनलाई कारबाही गर्दै १० करोड १३ लाख १८ हजार १ सय ५९ रुपैयाँ राजस्व उठाएको जनाएको छ।
त्यसैगरी, यातायात व्यवस्था कार्यालयमार्फत ६ सय ३३ सवारीसाधनमाथि कारबाही हुँदा थप १ करोड १२ लाख ४६ हजार ५ सय ९९ रुपैयाँ राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ।



# आदिवासी जनजाति सञ्चारकर्मीको क्षमता अभिवृद्धिका लागि तालिम



**मधेशदृष्टि**
**बारा।**
आदिवासी जनजाति सञ्चारकर्मीहरूको व्यावसायिक दक्षता, पत्रकारिता सीप तथा सञ्चार क्षेत्रमा प्रभावकारी भूमिका सुदृढ गर्ने उद्देश्यले आयोजित एकदिने क्षमता अभिवृद्धि तालिम शुक्रबार बाराको सिमरामा सम्पन्न भएको छ। मधेश प्रदेशको आमसञ्चार प्राधिकरणको आयोजनामा तथा आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मधेश प्रदेशको समन्वयमा सिमरास्थित होटल क्लासिक प्लाजामा सम्पन्न तालिमको अध्यक्षता आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खड्काले गरेका थिए। कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेश सरकारका वन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरी रहेका थिए।

कार्यक्रममा मधेश प्रदेश सभा सदस्य देवनारायण चौधरी, फोनिजका केन्द्रीय अध्यक्ष लक्की चौधरी, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जारा तथा फोनिजका महासचिव समिर बलामीले शुभकामना मन्तव्य व्यक्त गर्दै आदिवासी जनजाति सञ्चारकर्मीहरूको क्षमता विकास र सञ्चार क्षेत्रमा उनीहरूको सक्रिय तथा प्रभावकारी सहभागिता बढाउन यस्ता तालिम उपयोगी हुने धारणा व्यक्त गरे। तालिममा फोनिजका केन्द्रीय अध्यक्ष लक्की चौधरी र अमरध्वज लामाले समाचार लेखन, पत्रकारिताको व्यावसायिक आचारसंहिता, सञ्चार सीप तथा आदिवासी जनजाति समुदायसँग सम्बन्धित विषयवस्तुको प्रभावकारी सम्प्रेषणका विविध पक्षबारे सहजीकरण गरेका थिए।

आयोजकका अनुसार मधेश प्रदेशका विभिन्न जिल्लाबाट आएका आदिवासी जनजाति सञ्चारकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको उक्त तालिमले सहभागी पत्रकारहरूको ज्ञान, सीप र व्यावसायिक दक्षता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरिएको छ।

# वन्यजन्तु संरक्षणमा स्थानीय सहभागिता अपरिहार्य: ठोरीमा संरक्षणसम्बन्धी गोष्ठी सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज।**
वन तथा वन्यजन्तु संरक्षणप्रति स्थानीय समुदायको सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले पर्साको ठोरी गाउँपालिका–३, रामनगरमा शनिबार एकदिने संरक्षण गोष्ठी सम्पन्न भएको छ। रामनगरस्थित सिंगल ट्री रिसोर्टमा आयोजित गोष्ठी निर्मल ठोरी मध्यवर्ती उपभोक्ता समिति, ठोरी–२ को आयोजनामा तथा चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती व्यवस्थापन समिति, कसराको सहयोगमा सम्पन्न भएको हो।

कार्यक्रममा वन संरक्षण, वातावरणीय सन्तुलन तथा मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका उपायबारे विस्तृत अभिमुखीकरण तथा छलफल गरिएको थियो। निर्मल ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष जीवन खड्काको सभापतित्वमा सम्पन्न कार्यक्रममा ठोरी गाउँपालिकाकी उपाध्यक्ष गोकुली कुमारी रेग्मी प्रमुख अतिथिका रूपमा सहभागी भएकी थिइन्। संरक्षण अभियानमा सक्रिय स्थानीय अगुवा तथा सरोकारवालाहरूको समेत उल्लेखनीय उपस्थिति रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै उपाध्यक्ष रेग्मीले ठोरी क्षेत्रका बासिन्दा लामो समयदेखि वन तथा वन्यजन्तुको प्रभाव झेल्दै आएको उल्लेख गर्दै संरक्षणबाट प्राप्त हुने लाभ स्थानीय समुदायसम्म न्यायोचित रूपमा पुग्नुपर्नेमा जोड दिइन्। उनले स्थानीयमैत्री वन ऐन तथा व्यवहारिक कानुनी व्यवस्थाको अभावले संरक्षणप्रति समुदायको आकर्षण क्रमशः घट्दै गएको धारणा व्यक्त गरिन्।

कार्यक्रमका सभापति एवं आयोजक समितिका अध्यक्ष जीवन खड्काले वन, वन्यजन्तु तथा पर्यावरण संरक्षणमा स्थानीय समुदायको भूमिका अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै यस्ता जनचेतनामूलक कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तर सञ्चालन गरिने जानकारी दिए। आयोजकका अनुसार गोष्ठीले वन संरक्षणप्रति स्थानीय तहमा सचेतना अभिवृद्धि गर्नुका साथै संरक्षण र समुदायबीचको सहकार्यलाई थप सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

# एकल महिलाका लागि तनाव व्यवस्थापनसम्बन्धी तालिम



**मधेशदृष्टि**
**जनकपुरधाम।**
एकल महिलाको मानसिक स्वास्थ्य सुदृढीकरण तथा दैनिक जीवनमा आइपर्ने मानसिक तनावलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्ने उद्देश्यले जनकपुरधाममा एकदिने तनाव व्यवस्थापनसम्बन्धी तालिम सम्पन्न भएको छ। मानव अधिकारकालागि एकल महिला समूहको आयोजनामा सम्पन्न तालिममा धनुषाका विभिन्न स्थानका एकल महिलाको सहभागिता रहेको थियो।

तालिममा मनोचिकित्सक विकास शर्माले मानसिक तनावका कारण, त्यसका लक्षण तथा तनाव व्यवस्थापनका व्यावहारिक उपायबारे सहजीकरण गरे। उनले सकारात्मक सोचको विकास, नियमित व्यायाम, ध्यान, श्वास–प्रश्वास अभ्यास, समयको उचित व्यवस्थापन तथा सामाजिक सम्बन्धलाई सुदृढ बनाउने बानीले मानसिक तनाव कम गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए। कार्यक्रमका प्रमुख अतिथि प्रदेशसभा सदस्य रुपा यादवले हरेक व्यक्तिले जीवनमा कुनै न कुनै प्रकारको तनाव भोग्ने भए पनि एकल महिलाले पारिवारिक, सामाजिक र आर्थिक कारणले थप चुनौती सामना गर्नुपरेको बताइन्। उनले समाजमा अझै कायम रहेको विभेद र असमान व्यवहारले एकल महिलाको मानसिक तनावलाई थप बढाउने गरेको उल्लेख गर्दै उनीहरूको सशक्तीकरण र मानसिक स्वास्थ्यप्रति सबै सरोकारवाला संवेदनशील हुनुपर्नेमा जोड दिइन्।

कार्यक्रममा सहभागी महिलाहरूले पारिवारिक जिम्मेवारी, आर्थिक अभाव, सामाजिक विभेद तथा एक्लोपनका कारण मानसिक दबाब झेल्नुपरेको अनुभव सुनाएका थिए। उनीहरूले यस्ता तालिमले मानसिक रूपमा सबल बन्न, आत्मविश्वास बढाउन तथा तनाव व्यवस्थापनका व्यावहारिक उपाय सिक्न सहयोग पुगेको प्रतिक्रिया दिए। मानव अधिकारका लागि एकल महिला धनुषाकी अध्यक्ष शुभद्रा आलेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिका–४ का वडाध्यक्ष सुरेश झा, वडा नम्बर–३ का वडाध्यक्ष दिपेन्द्र साहलगायत सरोकारवाला व्यक्तिहरूको उपस्थिति रहेको थियो।

# थारू जातिको भलमन्सा–बडघर परम्परालाई कानुनी मान्यता




**कञ्चनपुर।**
कञ्चनपुरको भीमदत्त नगरपालिकाले थारू जातिको परम्परागत नेतृत्व प्रणाली भलमन्सा–बडघर प्रथालाई कानुनी मान्यता प्रदान गरेको छ। नगरपालिकाले शनिबार १९औँ नगरसभाबाट 'भलमन्सा तथा बडघर सञ्चालनसम्बन्धी कार्यविधि, २०८३' पारित गरेपछि थारू समुदायमा पुस्तौँदेखि चलिआएको परम्परागत नेतृत्व प्रणालीले कानुनी कैसियत प्राप्त गरेको हो।

भीमदत्त नगरपालिकाका नगरप्रमुख पदम बोगटीका अनुसार कार्यविधि पारित भएसँगै भलमन्सा–बडघर प्रणालीलाई संरक्षण, प्रवद्र्धन र व्यवस्थित सञ्चालन गर्न कानुनी आधार तयार भएको छ। राना थारू समुदायको स्थानीय संस्कृति, परम्परा र सामाजिक व्यवस्थापनको अभ्यासलाई सम्मान गर्दै नगरपालिकाले ऐतिहासिक निर्णय गरेको नगर प्रमुख बोगटीले जानकारी दिए।

भीमदत्त नगरपालिका–१९ का वडाध्यक्ष जगुराम चौधरी थारू समुदायले लामो समयदेखि उठाउँदै आएको मागलाई नगरपालिकाले सम्बोधन गरेको बताए।

'थारू समुदायको पहिचान, संस्कृति र परम्परागत बडघर–भलमन्साको चलनको संरक्षणका लागि यो एकदमै स्वागतयोग्य निर्णय हो,' चौधरीले भने, 'लामो समयदेखि हामीले उठाउँदै आएको मागलाई नगरपालिकाले सम्बोधन गरेको छ।' थारू समुदायका अगुवा बेद चौधरीले नगरपालिकाको उक्त निर्णयको स्वागत गर्दै कार्यविधि कार्यान्वयनसँगै थारू समुदायको मौलिक परम्परा संरक्षण भएको बताए। 'कञ्चनपुरका केही पालिकाहरूमा यो कार्यविधि लागू भइसकेको अवस्था थियो अहिले भीमदत्त नगरपालिकाले पनि कानुनी मान्यता दिएको छ।' उनले भने, 'स्थानीय सरकारबाट कानुनी मान्यता पाएपछि अब बडघर–भलमन्सासम्बन्धी कार्यसम्पादन गर्न थप सहज हुन्छ।' कार्यविधिले बडघर तथा भलमन्साको छनोट, अधिकार, जिम्मेवारी, आचारसंहिता तथा सञ्चालन प्रक्रियालाई व्यवस्थित गर्ने अपेक्षा गरिएको छ। स्थानीय तहबाट परम्परागत संस्थालाई कानुनी मान्यता दिने यो निर्णयले थारू समुदायको पहिचान जोगाउनाका साथै परम्परागत नेतृत्व प्रणालीलाई स्थानीय शासनसँग जोड्दै सामाजिक सद्भाव र विकासमा थप योगदान पुग्ने विश्वास गरिएको छ। रासस

# पछिल्लो २४ घण्टामा सर्पदंशबाट एक जनाको मृत्यु, १० घाइते



**काठमाडौँ।**
पछिल्लो २४ घण्टामा भएका विभिन्न घटनामा एक जनाको मृत्यु भएको छभने १३ जना घाइते भएका छन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार २४ घण्टामा २५ वटा विपद्का घटना भएको छ।

प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार बारामा खेल्दै गरेका बालकलाई सर्पले डस्दा उनको मृत्यु भएको छ। उनले २५ वटा घटनामा झण्डै आधा १२ वटा घटना सर्पदंशका रहेको जानकारी दिइन्। उनका अनुसार संखुवासभा, बारा, नवलपरासीपूर्व, कविपलवस्तु, कैलाली, कञ्चनपुरमा सर्पदंशका घटना भएको र ती घटनामा परेर १० जना घाइते भएका छन्।

यस्तै, पहिरोले बझाङमा एक, जनावरको आक्रमणबाट दोलखामा एक, आगलागीबाट कास्कीमा एक जना घाइते भएका पनि उनले बताइन्। ती विपद्जन्य घटनाबाट कुल दुई लाख ७७ हजारको आर्थिक क्षति भएको प्राधिकरणले जानकारी दिएको छ। ती घटनामा परेर २२ वटा पशु चौपाया क्षति भएको जनाइएको छ। रासस

# जनकपुरको होटलबाट पेस्तोल र चार राउन्ड गोलीसहित दुई युवक पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको जनकपुर उपमहानगरपालिका–९ स्थित थापा चौकको एक होटलबाट प्रहरीले अवैध हातहतियार र गोलीसहित दुई युवकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा मुखियापट्टी मुसहरनिया गाउँपालिका–४ निवासी विजय यादवका करिब २० वर्षीय छोरा अमन यादव तथा हंसपुर नगरपालिका–६ सोनीगामाका रामएकवाल मुखियाका करिब १८ वर्षीय छोरा सुधिर मुखिया रहेका छन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार विशेष सूचनाका आधारमा वडा प्रहरी कार्यालय मुजेलियाबाट खटिएको प्रहरी टोलीले शनिबार दिउँसो करिब १ बजे थापा होटलमा खाना खान पुगेका दुवै जनामाथि निगरानी गरी नियन्त्रणमा लिएको हो।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक तथा निमित्त प्रवक्ता मनोज यादवका अनुसार पक्राउ परेका दुवै जनाको साथबाट एउटा पेस्तोल, एक थान म्यागजिन, ९ एमएम 'केएफ' लेखिएको एक थान गोली तथा ७.६५ एमएम 'केएफ' लेखिएका तीन थान गोली बरामद गरिएको छ। बरामद हातहतियार तथा गोलीसहित दुवै जनालाई नियन्त्रणमा राखी घटनाको स्रोत, उद्देश्य तथा सम्भावित संलग्नताबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# राजस्व जम्मा ११ खर्ब १२ अर्ब ...

थियो। बाँकी दिनमा तीन खर्ब ६७ अर्ब ५१ करोड राजश्व सङ्कलन गर्न सके मात्र लक्ष भेटाउन सकिने छ। यसका लागि दिनहुँ १९ अर्ब ३४ करोड रुपैयाँ राजस्व संकलन जरुरी छ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार, कर राजस्व सङ्कलनमा ७६ दशमलव २० प्रतिशत प्रगति भएको छ। कर राजस्वतर्फ १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख रुपैयाँ सङ्कलन गर्ने लक्ष्य रहेकामा १० खर्ब १० अर्ब १६ करोड तीन लाख रुपैयाँ सङ्कलन भएको छ।

त्यस्तै गैरकर राजस्वमा एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख रुपैयाँ सङ्कलनको लक्ष्यमा एक खर्ब दुई अर्ब ३२ करोड ४३ लाख रुपैयाँ मात्र उठेको छ। अनुदानतर्फ ५३ अर्ब ४४ करोड ६९ लाख रुपैयाँ प्राप्त गर्ने लक्ष्यमा २४ अर्ब ११ करोड १२ लाख रुपैयाँ मात्रै प्राप्त भएको छ। अर्थात् यो लक्षमा सरकार ५५ प्रतिशतकै हाराहारीमा असफल भएको छ।

अन्य प्राप्ति शीर्षकमा छ अर्ब ५० करोड ५३ लाख रुपैयाँ सङ्कलन भएको छ। योसँगै सरकारको कुल प्राप्ति ११ खर्ब ४३ अर्ब १० करोड ११ लाख रुपैयाँमा सीमित छ। जुन वार्षिक लक्ष्यको ७४ दशमलव ५४ प्रतिशत मात्र हो।

यस्तै, कुल सरकारी खर्चतर्फ १४ खर्ब चार अर्ब ९८ करोड ८६ लाख रुपैयाँ पुगेको छ। यो कूल लक्ष्यको ७१ दशमलव ५३ प्रतिशत हो। शुक्रबार मात्रै पाँच अर्ब ३६ करोड ८२ लाख रुपैयाँ खर्च भएको छ।

खर्चको प्रकृतिअनुसार चालुतर्फ ८० दशमलव ४२ प्रतिशत छ। ११ खर्ब ८० अर्ब ९८ करोड रुपैयाँको लक्ष्यमध्ये नौ खर्ब ४९ अर्ब ७५ करोड ९५ लाख खर्च भइसकेको छ।

विकास निर्माणका काममा खर्च हुने पुँजीगततर्फ एक खर्ब ४२ अर्ब २३ करोड ६८ लाख रुपैयाँ पुगेको छ। यो लक्ष्यको ३४ दशमलव ८७ प्रतिशत हो। चालु आवका लागि चार खर्ब सात अर्ब ८८ करोड ८० लाख रुपैयाँ पूँजीगत खर्च गर्ने लक्ष्य तय भएको थियो।

त्यसैगरी, वित्तीय व्यवस्थापनतर्फको खर्च ८३ दशमलव ४१ प्रतिशत पुगेको छ। वित्तीय व्यवस्था विभिन्न ऋणको साँवा तथा ब्याज भुक्तानीका लागि खर्च गरिन्छ। वित्तीय व्यवस्थातर्फ तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख रुपैयाँ लक्ष्यमध्ये तीन खर्ब १२ अर्ब ९९ करोड २३ लाख रुपैयाँ खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ।

# वैदेशिक रोजगारीको नाममा ठगी गरेको अभियोगमा पक्राउ

**काठमाडौँ।**
आकर्षक वैदेशिक रोजगारीको प्रलोभन देखाएर ठगी गरेको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ। नेपाल प्रहरीको केन्द्रीय समाचारकक्षका अनुसार प्रहरीले बाराका गगनबहादुर स्याङ्तान, सर्लाहीका निर्जल बस्नेत र दाङका बलबहादुर चन्द ठकुरीलाई पक्राउ गरेको छ।

पक्राउ परेकामध्ये गगन बहादुरले माल्दिभ्स पठाइदिन्छु भन्दै चार जनाबाट रु चार लाख ३० हजार, निर्जलले मलेसिया पठाइदिन्छु भन्दै एकजनाबाट रु तीन लाख ९० हजार र बल बहादुरले क्रोएसिया पठाइदिन्छु भन्दै एक जनाबाट रु एक लाख लिई सम्पर्कविहीन भएको पाइएको छ।

पीडितको उजुरीका आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरी टोलीले काठमाडौँ र ललितपुरबाट उनीहरूलाई पक्राउ गरेको हो। पक्राउमध्ये गगन बहादुरलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौँ पठाइएको छ भने निर्जल र बल बहादुरलाई वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको छ।

बैङ्किङ कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ

बैङ्किङ कसुर मुद्दाका फरार प्रतिवादी इलाम देऊमाई नगरपालिका–२ का कृष्णकुमार राईलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला अदालत इलामबाट उक्त मुद्दामा पक्राउ अनुमति प्राप्त भई फरार रहेका उनलाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काठमाडौँ–१४ बल्खुबाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय इलाम पठाइएको छ। रासस

# वीरगंज पब्लिक कलेजको रजतजयन्ती विविध कार्यक्रम गरि मनाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज पब्लिक कलेजले स्थापना भएको २५ वर्ष पूरा गरेको अवसरमा रजत जयन्ती तथा २५औँ शैक्षिक वार्षिकोत्सव विभिन्न कार्यक्रमका साथ सम्पन्न गरेको छ । कलेजका संस्थापक तथा प्राध्यापक डा. दीपक शाक्यको अध्यक्षतामा आयोजित समारोहमा समाजसेवी पशुपति विक्रम शाह प्रमुख अतिथि रहेका थिए । कार्यक्रममा कलेजका चेयरम्यान संकल्प शाक्य विशेष अतिथिका रूपमा सहभागी भएका थिए । सो अवसरमा प्रमुख अतिथि शाहले गुणस्तरीय शिक्षा समृद्ध समाज निर्माणको आधार भएको उल्लेख गर्दै निजी शैक्षिक संस्थाहरूले नैतिकता, अनुशासन, नेतृत्व क्षमता र व्यावहारिक सीपयुक्त जनशक्ति उत्पादनमा थप ध्यान दिनुपर्ने बताए । आधुनिक तथा प्रविधिमैत्री शिक्षामार्फत सक्षम नागरिक तयार पार्न निजी शैक्षिक संस्थाहरूको भूमिका महत्वपूर्ण रहेको उनको धारणा थियो । कलेजका अध्यक्ष डा. शाक्यले २५ वर्षअघि सीमित स्रोत–साधनबाट सुरु भएको कलेज आज यस क्षेत्रकै प्रतिष्ठित शैक्षिक संस्थाका रूपमा स्थापित हुन सफल भएको बताए । उनले कलेजको उपलब्धि शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक तथा शुभेच्छुकहरूको निरन्तर सहयोग र विश्वासको प्रतिफल भएको उल्लेख गरे । उनले बदलिँदो समयअनुसार अनुसन्धानमुखी, सीपमूलक तथा प्रविधिमा आधारित शिक्षालाई प्राथमिकता दिँदै विद्यार्थीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सक्षम बनाउने लक्ष्यका साथ कलेज अघि बढिरहेको जानकारी दिए ।
आगामी दिनमा पनि गुणस्तरीय शिक्षा, शैक्षिक उत्कृष्टता र सामाजिक उत्तरदायित्वलाई केन्द्रमा राखेर संस्थालाई थप उचाइमा पु¥याउने प्रतिबद्धता व्यक्त गरे । कलेजका निर्देशक डा. अरविन्द श्रेष्ठको सहजीकरणमा भएको कार्यक्रममा बासु कर्णले स्वागत मन्तव्य व्यक्त गरेका थिए । समारोहमा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतम, वरिष्ठ उपाध्यक्ष माधव राजपाल, डा. विनय श्रेष्ठ, विनयकुमार ठाकुर, प्रदीप अर्याल, देवेश गुप्ता, मधु राणा, उषा साह, विजय कुमार, गणेश क्षेत्री, ओमकुमार झा, रमेश शर्मा, सौराज प्रधानलगायत विभिन्न क्षेत्रका शिक्षाविद्, उद्योगी–व्यवसायी, अभिभावक तथा विद्यार्थीको उल्लेखनीय उपस्थिति रहेको थियो ।
रजत जयन्ती समारोहमा कलेजको २५ वर्षे शैक्षिक यात्राको समीक्षा, योगदानकर्ता व्यक्तित्वहरूको सम्मान, सांस्कृतिक कार्यक्रम तथा शुभकामना आदानप्रदानसमेत गरिएको थियो ।

# तिलाठी कोइलाडीकाएक चौथाइ घर उच्च बाढी जोखिममा, स्थानीयमा बढ्यो त्रास




**मधेशदृष्टि**
**सप्तरी ।**
वर्षायाम सुरु भएसँगै सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका बासिन्दा फेरि बाढीको त्रासमा दिन बिताउन बाध्य भएका छन् ।
नदीको जलस्तर बढ्ने संकेत देखिनासाथ स्थानीयमा सम्भावित बाढीको चिन्ता बढ्ने गरेको छ भने विशेषगरी रातिको समयमा आउने आकस्मिक बाढीको डर वर्षौंदेखिको पीडाका रूपमा कायम छ । हालै सार्वजनिक गरिएको एक अध्ययनले गाउँपालिकाका करिब २५ प्रतिशत घरधुरी अति उच्च बाढी जोखिममा रहेको देखाएको छ ।
मर्सीकोप्स नेपाल र कोका–कोला फाउन्डेसनको सहयोगमा आसमान नेपालद्वारा सञ्चालित परियोजनाअन्तर्गत गरिएको घरधुरी सर्वेक्षणले तिलाठी कोइलाडी क्षेत्रमा बाढीको जोखिम निकै गम्भीर रहेको औंल्याएको हो । अध्ययनअनुसार जोखिम बढ्नुको प्रमुख कारण कमजोर आवास संरचना र भौगोलिक अवस्था हो । नदी आसपासका अधिकांश घर फुस तथा कमजोर निर्माण सामग्रीबाट बनेका छन् भने ९७ प्रतिशत घर एकतले मात्रै रहेको पाइएको छ । यस्तो अवस्थाले आकस्मिक बाढीका बेला सुरक्षित स्थानमा आश्रय लिन थप कठिन हुने देखिएको छ ।
त्यसैगरी ८१ प्रतिशत घर जमिनको सतहसँगै वा अत्यन्त न्यून उचाइमा निर्माण गरिएका कारण सामान्य बाढीले समेत ठूलो क्षति पु¥याउने सम्भावना रहेको अध्ययनले उल्लेख गरेको छ । गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डलका अनुसार स्थानीय समुदायलाई विपद् सामना गर्न सक्षम बनाउन खोज तथा उद्धार, प्राथमिक उपचार र विपद् व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गरिएको छ । उनले आगामी दिनमा नयाँ घर निर्माण गर्दा कम्तीमा पाँचदेखि सात फिट उचाइमा जग राख्न प्रोत्साहन गर्ने नीति लागू गर्ने तयारी भइरहेको जानकारी दिए ।
विपद् व्यवस्थापन अधिकृत राजेशकुमार झाले गाउँपालिकामा पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाइएको र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र सक्रिय अवस्थामा रहेको बताए । उनका अनुसार समुदायस्तरमा नियमित कृत्रिम अभ्यास तथा विपद् व्यवस्थापनसम्बन्धी तालिम पनि सञ्चालन हुँदै आएको छ ।
यसैबीच, आसमान नेपालका कार्यक्रम प्रबन्धक अशोककुमार यादवले गाउँपालिकाका सबै आठ वटै वडामा सामुदायिक विपद् व्यवस्थापन समिति गठन गरी स्थानीय स्वयंसेवकको क्षमता अभिवृद्धिमा काम भइरहेको जानकारी दिए । यद्यपि स्थानीयवासीको सबैभन्दा ठूलो चिन्ता भने खाँडो नदीको बाँध र निरन्तर भइरहेको कटान नै रहेको छ ।
समुदायस्तरीय विपद् व्यवस्थापन समिति सकरपुराका अध्यक्ष केशरी सिंहका अनुसार बाँधको कमजोर अवस्थाका कारण हरेक वर्ष ठूलो क्षति दोहोरिने जोखिम अझै हट्न सकेको छैन ।
स्थानीय बासिन्दाले बाढीलाई केवल प्राकृतिक विपत्ति मात्र नभई प्रत्येक वर्ष दोहोरिने सामाजिक तथा आर्थिक संकटका रूपमा चित्रण गर्दै दीर्घकालीन नदी व्यवस्थापन, बलियो पूर्वाधार निर्माण तथा प्रभावकारी पूर्वतयारीमा सरकारले तत्काल प्राथमिकताका साथ लगानी गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

# माइस्थान मन्दिर परिसरमा निःशुल्क स्वास्थ्य शिविर



**मधेशदृष्टि**
**वीरगंज ।**
श्री गहवामाई तीर्थ क्षेत्र विकास समितिले गहवामाई रथयात्राको अवसर पारेर शनिबार माईस्थान मन्दिर परिसरमा निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेको छ । आर्थिक अभावका कारण गुणस्तरीय स्वास्थ्य सेवाबाट वञ्चित श्रद्धालु तथा सर्वसाधारणलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले शिविर सञ्चालन गरिएको समितिले जनाएको छ ।
समितिका अध्यक्ष श्याम पोखरेल, उपाध्यक्ष देवानन्द कलवार, सचिव पप्पु गुप्ता र कोषाध्यक्ष रवि अग्रवाल सम्मिलित समितिले गठन गरेको उपसमितिका संयोजक श्याम गुप्ताको नेतृत्वमा सञ्चालन भएको शिविरको उद्घाटन चिकित्सक डा. मनोज गुप्ताले गरेका थिए । समितिका सचिव पप्पु गुप्ताका अनुसार असार ३२ गते हुने गहवामाई रथयात्रालाई लक्षित गर्दै आयोजना गरिएको शिविरबाट ३५५ जनाले स्वास्थ्य सेवा लिएका छन् । शिविरमा आँखा, दाँत, हाडजोर्नी, कान, मधुमेह तथा थाइराइडसम्बन्धी परीक्षण र विशेषज्ञ परामर्श सेवा प्रदान गरिएको थियो । साथै, परीक्षणका क्रममा मोतियाबिन्दु देखिएका बिरामीहरूको संस्थाको पहलमा निःशुल्क शल्यक्रिया गरिने व्यवस्था मिलाइएको उपसमितिका संयोजक श्याम गुप्ताले जानकारी दिए ।
कार्यक्रममा सहसंयोजक अनुप कुमार अग्रवालसहित समितिका सदस्यहरू ओशन गुप्ता, राजन गुप्ता, ललित अग्रवाल, विवेक कुमार, मुन्ना सर्राफ लगायतको सक्रिय सहभागिता रहेको थियो ।

# थारु पत्रकार संघको अध्यक्षमा पुनम चौधरी



**मधेशदृष्टि**
**वीरगंज ।**
थारु पत्रकार संघ पर्साको जिल्ला अधिवेशन सम्पन्न गर्दै नयाँ जिल्ला कार्यसमिति सर्वसम्मत रूपमा चयन गरिएको छ । अधिवेशनबाट पुनम चौधरी अध्यक्ष तथा अर्जुन चौधरी सचिवमा सर्वसम्मत निर्वाचित भएका छन् ।
नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा एन्जल चौधरी, पुरुष उपाध्यक्षमा रामकिशोर चौधरी, सहसचिवमा अजय पञ्जियार तथा कोषाध्यक्षमा सञ्जय दास थारु चयन भएका छन् । शम्भु महतो थारुको सभापतित्वमा सम्पन्न अधिवेशनमा थारु पत्रकार संघका केन्द्रीय अध्यक्ष शान्तकुमार चौधरी प्रमुख अतिथि, सन्तोष दहित विशिष्ट अतिथि तथा दुष्यन्त चौधरी, परमानन्द चौधरी, शेखर चौधरी, ओमप्रकाश चौधरी लगायतको आतिथ्यता रहेको थियो ।
कार्यक्रममा संघका सदस्यहरूको उल्लेखनीय सहभागिता रहेको थियो । अधिवेशनपछि नवनिर्वाचित पदाधिकारीहरूले थारु पत्रकारहरूको क्षमता अभिवृद्धि, पेशागत हकहितको संरक्षण तथा संगठनलाई थप सशक्त, सक्रिय र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । उनीहरूले पत्रकारहरूको पेशागत विकाससँगै संगठनलाई नयाँ उचाइमा पु¥याउन सामूहिक रूपमा काम गर्ने बताएका छन् ।

# राज्यका सबै निकायमा दलित समुदायको प्रभावकारी पहुँच हुनुपर्छः सचिव साह

सिकेन्द्र पासवान
बारा ।
खेलकुद तथा समाज कल्याण मन्त्रालय मधेश प्रदेशका सचिव सुशीलकुमार साहले मधेश प्रदेशमा उल्लेख्य जनसंख्या रहेको दलित समुदायलाई राज्यका सबै निकायमा प्रभावकारी पहुँच संगै नेतृत्व विकास अपरिहार्य रहेको बताएका छन् । दलित विकास समिति, मधेश प्रदेशको आयोजनामा बाराको कलैयामा दलित सरोकारवालासँग नेतृत्व विकाससम्बन्धी
अन्तरक्रियालाई सम्बोधन गर्दै सचिव साहले दलित विकास समिति प्रदेश सरकारले दलित समुदायको उत्थान, विकास र समृद्धिका लागि स्थापना गरेको महत्वपूर्ण संयन्त्र भएको उल्लेख गर्दै यसका मार्फतबाट दलितहरुको अधिकार सुनिश्चत गर्दै जाने कुरामा जोड दिएका थिए ।
सचिव साहले प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेटमा मन्त्रालयमार्फत दलित समुदाय लक्षित विभिन्न कार्यक्रम समावेश गरेको जानकारी दिँदै कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्वयं दलित समुदायको सक्रिय सहभागिता आवश्यक रहेको बताए ।
उनले अहिले पनि दलित, दलित माथि नै विभेद रहेको स्पष्ट पार्दै विभेदलाई अन्त्य नगरे सम्म समाजको बिकासमा बाधा पुगी रहने बताए । मधेश प्रदेश सरकार दलितहरुको सम्रग बिकासका लागि निकै सम्बेदनशिल रहेको भन्दै सचिव साहले छुवाछुत गर्ने जोकोहीलाई कानुनको दायरामा ल्याउन सरकार लागि परेको जानकारी दिए ।



त्यस्तै कार्यक्रमका विशिष्ठि अतिथि संघ सरकारकी पूर्व भौतिक पूर्वाधार तथा यातायात राज्यमन्त्री कलावती पासमानले दलित समुदायको पीडा सुनाउँदै भनिन, 'दलित समुदायहरुलाई धेरै पीडा छन्, ब्याख्या गर्न चाहन्न, तर दलित समुदायहरुलाई जबसम्म शिक्षा, स्वास्थ्य लगायत राज्यको हरेक निकायमा पहुँच हुन जरुरी रहेको बताउदै । शिक्षा र राजनीतिमा लाग्न सबैमा आग्रह गरेकी छन् ।
समितिका उपाध्यक्ष जितेन्द्र पासमानको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सिकेन्द्र पासमान, मन्त्रालयका अधिकृत निर्मला मिश्रा, लगायतकाले आफनो धारणा ब्यतm गरेका थिए । सोही कार्यक्रममा आफना धारणा ब्यतm गर्दै उपाअध्यक्ष पासवानले छुवाछुतलाई न्युनीकरणका लागि पालिका, जिल्ला र प्रदेश स्तरिय छुवाछुत तथा भेदभाव नियन्त्रण समिति निर्माण गरि कार्यन्वयनमा ल्याउने गरि काम अगाडी बढाई रहेको बताए ।
निकट भविश्यमा जनकपुरधाम नै दलित छात्रछात्राहरुलाई लक्षित गरि लोकसेवाको कक्षा आफनै भवनबाट संचालन गर्ने गरि १५ देखि २० कोठाको भवन निर्माण गर्ने कार्यका लागि मन्त्रालयबाट करिब २ करोडको बजेट विनियोजन भएको र सोही अनुसार निर्माण कार्य चाडै प्रक्रिया पुगाएर शुरु गर्ने बताए ।
बिकास समितिले मात्र चाहेर सबै कुरा सम्भव नहुने बताउदै उपाअध्यक्ष पासवानले दलित समुदायको सहयोग पनि अपरिहार्य रहने कुरामा जोड दिएका थिए ।
अन्तरक्रियामा सहभागी दलित अगुवा तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूले राज्यका सबै निकाय र राजनीतिक दलमा जनसंख्याको आधारमा आरक्षण तथा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने माग गरेका थिए ।
उनीहरूले सामाजिक, राजनीतिक, सांस्कृतिक, भाषिक तथा धार्मिक विभेदका कारण दलित समुदाय पछाडि परेको उल्लेख गर्दै समावेशी प्रतिनिधित्वबिना समृद्धि सम्भव नहुने धारणा राखे । उनीहरूले कानुन निर्माण भएपनि कार्यान्वयन प्रभावकारी हुन नसकेको, नीति तथा बजेट विनियोजनमा समेत विभेद हुने गरेको आरोप लगाउँदै दलित अधिकार सुनिश्चित गर्न सचेतना र निरन्तर संघर्ष आवश्यक रहेको बताए । कार्यक्रममा मिडिया काउन्सिलका पूर्वअध्यक्ष कैलास दासले मधेश प्रदेशमा दलित समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक अवस्थाबारे कार्यपत्र प्रस्तुत गरेका थिए ।
उनले दलित समुदायको समस्या, समाधानका उपाय तथा राज्यको भूमिकाबारे विश्लेषण प्रस्तुत गर्दै मधेश प्रदेशमा करिब १८ प्रतिशत दलित जनसंख्या भए पनि उनीहरूको विकास, समृद्धि र राज्यका निकायमा पहुँच विस्तारका लागि अपेक्षित पहल हुन नसकेको उल्लेख गरे ।
त्यसैगरी इन्सेक मधेश प्रदेश संयोजक राजु पासमानले नेतृत्व विकाससम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै दलित समुदायको राजनीतिक पहुँच कमजोर हुनुका कारण, सामाजिक विभेद, अस्वीकारको संस्कृति, नेतृत्व विकासका चुनौती तथा समावेशी नेतृत्वका आवश्यक गुणबारे प्रस्तुति दिएका थिए । उनले उत्तरदायित्व, पारदर्शिता, समावेशिता तथा समस्या समाधान गर्ने क्षमता प्रभावकारी नेतृत्वका आधारभूत विशेषता भएको उल्लेख गरे ।


## नारायणी यातायात व्यवसायी संघका सदस्य महानुभावहरुमा निर्वाचन अधिकृतको कार्यालयबाट जारी भएको अत्यन्त जरुरी सूचना

यस संघको मिति २०८३।०२।१५ गतेको कार्यसमितिको निर्णयानुसार संघको विधान बमोजिम ३७ औं बार्षिक साधारणसभा तथा १६ औं अधिवेसन मिति २०८३/०३/२६ गते, शुक्रवारका दिन विहान ८:०० बजेबाट हेटौंडा स्थित हिमालयन दरबार ब्याङ्क्वेटमा हुन गईरहेकोले निर्वाचनमा भागलिनका लागि मतदाताहरुले पालना गर्नुपर्ने विषयहरु निम्नानुसार रहेको व्यहोरा सूचित गरिन्छ ।

१) संघका सदस्य (ब्ल्यू बुकमा सवारीधनी/ऋणी नाम भएका)ले मतदानका दिन आफ्नो नागरिकता वा राष्ट्रिय परिचयपत्र वा नेपाल सरकारले जारी गरेको मतदाता परिचयपत्र सक्कलका साथ उपस्थित हुनुपर्नेछ ।
२) प्रोप्राइटरसिपफर्म/साझेदार/फर्म/कम्पनी/संस्था आदिको हकमा निम्न कागजात मिति २०८३।०३।२२ गते कार्यालय समयभित्र संघको नजिकको कार्यालयमा दर्ता गर्नुपर्नेछ ।
   क) प्रोप्राइटरले आफ्नो प्रमाण र मतदानमा सहभागी हुन पाऊं भन्ने लिखित निवेदन
   ख) साझेदारको हकमा बांकी साझेदारको मञ्जुरीनामा, ब्लुबुक, नागरिकता र मतदानमा सहभागी हुन पाऊं भन्ने लिखित निवेदन
   ग) फर्म/कम्पनी/संस्था आदिको हकमा शेयर होल्डर वा संचालक (प्रमाणसहित) व्यक्तिलाई आधिकारिक निर्णयसहितको सिफारिस पत्र
३) मतदाताले आफ्नो नाम मतदाता नामावलीमा समावेश भए/नभएको विषयमा समयमै यकिन गर्नुहोला ।
४) थप जानकारीका लागि संघको मुख्य कार्यालयमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क गर्नुहोला ।

**ईश्वरराज ढकाल (बरिष्ठ अधिवक्ता)**
निर्वाचन अधिकृत
**नारायणी यातायात व्यवसायी संघ, १६ औं अधिवेसनको कार्यालय**
हेटौंडा ४, मकवानपुर ।

सम्पादकीय

# मधेशमा दुर्घटनाको डरलाग्दो ग्राफ

मधेश प्रदेशमा सवारी दुर्घटनाको बढ्दो ग्राफले चिन्ताजनक अवस्था सिर्जना गरेको छ। पछिल्ला पाँच वर्षमा २१ हजार भन्दा बढी सवारी दुर्घटना भएका छन्, जसले २ हजार ७ सय भन्दा बढी मानिसको ज्यान लिएको छ । यो तथ्याङ्कले सडक सुरक्षाको अवस्था कति भयावह छ भन्ने स्पष्ट पार्छ। हरेक वर्ष सैयौँ परिवारले आफ्ना सदस्य गुमाउनु परेको छ भने हजारौँ मानिस गम्भीर घाइते भई दीर्घकालीन शारीरिक तथा मानसिक पीडा भोग्न बाध्य छन्। यो केवल तथ्याङ्क मात्र होइन, यो मानवीय क्षति र सामाजिक विचलनको एक दर्दनाक चित्र हो।

मधेश प्रदेश प्रहरी कार्यालयको तथ्याङ्क अनुसार, यी दुर्घटनामा ४२ हजार ६ सय ३७ सवारी साधन संलग्न थिए। दुर्घटनामा ज्यान गुमाउनेमा पुरुष, महिला र बालबालिका सबै छन्, जसले यस समस्याको व्यापकतालाई दर्शाउँछ । दुर्घटनाका कारणहरूमा मुख्यतया चालकको लापरबाही, तीव्र गति, मादक पदार्थ सेवन, सडकको खराब अवस्था, सवारी साधनको यान्त्रिक गडबडी र ट्राफिक नियमको पालना नगर्नु पर्दछ। विशेषगरी, सडकका खाल्डाखुल्डी, साँघुरा सडक र अपर्याप्त सुरक्षा बारहरूले पनि दुर्घटनाको जोखिम बढाएको देखिन्छ।

यस भयावह स्थितिलाई नियन्त्रण गर्न तत्काल प्रभावकारी कदम चाल्न आवश्यक छ । ट्राफिक नियमको कडाइका साथ पालना गराउनु, लापरवाह चालकहरूलाई दण्डित गर्नु र मादक पदार्थ सेवन गरी सवारी चलाउनेमाथि कडा कारबाही गर्नु अपरिहार्य छ। सडक पूर्वाधारको सुधार, जसमा सडक मर्मत, खाल्डाखुल्डी पुर्ने, र आवश्यक स्थानमा सुरक्षा बार तथा संकेतहरू राख्ने कार्य पर्दछ, यसले दुर्घटना न्यूनीकरणमा ठूलो भूमिका खेल्न सक्छ।

जनचेतना अभिवृद्धि पनि उत्तिकै महत्त्वपूर्ण छ । विद्यालय तथा समुदायस्तरमा सडक सुरक्षासम्बन्धी शिक्षा प्रदान गर्ने, सञ्चार माध्यमबाट जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने र चालक तथा पैदलयात्री दुवैलाई जिम्मेवार बनाउनु पर्दछ। सवारी साधनको नियमित जाँच र मर्मतसम्भारमा जोड दिनु, विशेषगरी सार्वजनिक यातायातका साधनहरूको हकमा, यसले यान्त्रिक गडबडीका कारण हुने दुर्घटनाहरूलाई कम गर्न मद्दत गर्छ।

अन्तमा, मधेश प्रदेशमा बढ्दो सवारी दुर्घटनालाई 'भाग्य' वा 'दुर्भाग्य' को रूपमा मात्र हेर्नु हुँदैन। यो एक सामाजिक समस्या हो जसलाई सामूहिक प्रयासबाट मात्र समाधान गर्न सकिन्छ। प्रदेश सरकार, स्थानीय निकाय, ट्राफिक प्रहरी, यातायात व्यवसायी, नागरिक समाज र आम नागरिक सबैले आ–आफ्नो भूमिका इमानदारीपूर्वक निर्वाह गरेमा मात्र यो डरलाग्दो ग्राफलाई कम गर्न सकिन्छ र सुरक्षित मधेशको परिकल्पना साकार पार्न सकिन्छ।

# अख्तियार: सुपर सरकारदेखि निरीह निकायसम्म

*हिजो लोकमान नेतृत्वको अख्तियार बेलगाम, अधिकारक्षेत्रप्रति बेपरवाह मैमत्त थियो, आज प्रधानमन्त्री कार्यालय देखिँदै छ।*

–सुजित महत

योग्यता नपुगेको भनेर परेको पुनरावलोकन निवेदन सुनुवाइका लागि निस्सा दिने कि नदिने भनेर सर्वोच्चमा सुनुवाइ भइरहेको ३१ भदौ २०७३ को दिन लोकमान सिंह कार्की तनावमा देखिन्थे, अफिस गएका पनि थिएनन्। निजी सुरक्षाकर्मी (पीएसओ) दानबहादुर थापाले 'सम्माननीयज्यू, टेन्सनमा हुनुहुन्छ, निवासमा गइदिनप¥यो' भनेर कार्कीको मन जितेका केही कर्मचारीलाई दिउँसो १२ बजेतिर भनेपछि उनीहरू अख्तियार दुरुपयोग अनुसन्धानको कार्यालय कम्पाउन्डस्थित प्रमुख आयुक्तको क्वार्टरतिर लाग्छन्। हेर्दा कार्कीले 'दिमसे' गरिसकेको बुझिन्थ्यो, तनावमा उनी यस्तै गर्थे पनि।

दिउँसो २ बजेतिर सुनुवाइ सकिई न्यायाधीशहरू बेञ्चसँगैको कोठामा छिरेको खबर आउँछ । १० मिनेटमै लोकमान जे आदेश होला भनेर बिहानैदेखि तनावमा थिए त्यही आदेश जारी भएको खबर आउँछ, पुनरावलोकनको निवेदन सुनुवाइ गर्न निस्सा दिइएको आदेश। योग्यता नपुग्ने दाबीसहित पेश भएको रिट निवेदन गोपाल पराजुली र ओमप्रकाश मिश्रको इजलासले ८ असोज २०७१ मा खारेज गर्दिएपछि अधिवक्ता ओमप्रकाश अर्यालले पुनरावलोकनको लागि निवेदन दिएका थिए।

यसै तनावमा रहेका उनी झोक्किँदै÷बर्बराउँदै कोठातिर छिर्छन्, एकैछिनमा निस्कन्छन्। फर्मान जारी गर्छन् 'त्यो सुवास नेम्वाङ (सभामुख) र कल्याण श्रेष्ठ (निवर्तमान प्रधानन्यायाधीश)लाई बयानका लागि तुरुन्त पुर्जी काट्नु, काटिहाल्नू ।' सीमित कर्मचारी÷सहयोगी उपस्थित वातावरणमा एकछिन सन्नाटा छाउँछ । बहालवाला सभामुख अनि निवर्तमान प्रधानन्यायाधीशलाई पत्र काट्नु भनेपछि कर्मचारीहरू अक्क न बक्क पर्ने नै भए।

कर्मचारीहरूले अख्तियारका कानून व्यवसायीहरूलाई बोलाउँछन् । तीन जना वकिल तत्कालै उपस्थित हुन्छन्। वकिलहरू पनि अक्क न बक्क छन्। त्यसैबीच एक जना वकिलचाहिँ पुर्जी काट्न मिल्ने राय दिन्छन्। कोइराला थरका एक जना सहसचिव पनि भ्रष्टाचारको आरोप गढेर बयानमा बोलाउँदा मिल्छ हजुर भनेर बोल्छन्। यसरी सभामुख र निवर्तमान प्रधानन्यायाधीशलाई बिनातयारी बयानमा बोलाउँदा बित्यास पर्छ भन्ठान्नेहरूले अख्तियारकै कानून व्यवसायी कोमलप्रकाश घिमिरेलाई खबर गर्छन्। घिमिरेका बुवा कृष्णप्रसाद घिमिरे र कार्कीका बुवा भूपालामान सिंह कार्कीको पालादेखि पारिवारिक घनिष्ठताको कारण कोमलप्रकाशलाई लोकमान भाइतुल्य व्यवहार गर्ने अनि पेशामा व्यावसायिक भएकाले बोलाइएको थियो। बोलाएको काम पनि लाग्यो, घिमिरेले यस्तो गर्न मिल्दैन भन्दिएपछि कार्की अलि गल्छन्।

अत्यन्त गाह्रो अवस्थामा श्रीमतीको सल्लाह लिनु भनेर गुरुले भनेका छन् भन्दै उनी श्रीमतीलाई बोलाएर सोध्छ, 'के गरौँ बेटरहाफ?' श्रीमतीले पनि आफूले कुरा बुझिरहेको जवाफ दिन्छिन्।

नेम्वाङ र श्रेष्ठलाई पुर्जी काट्ने कुरामा 'घर सल्लाह' नमिलेपछि उनी आदेश दिन्छन् 'उसो भए ती पैँतीस जना नेताहरूलाई पक्राउपूर्जी जारी गर्नु।' भएको के थियो भने, विस्तृत शान्ति सम्झौतापछि सात शिविर र २१ सहायक शिविरमा राखिएका माओवादी लडाकुहरूको भत्ताका लागि भुक्तानी गरिएको रकममा अनियमितता भएको भनेर अख्तियारमा उजुरी परेको थियो । माओवादी नेता कृष्णबहादुर महराको नाममामा चेक काटेर भत्ताबापतको भुक्तानी दिइएको कारण यसै विवादित थियो। शुरूमा १९ हजार लडाकु प्रमाणीकरण भए पनि १७ हजार कायम भएपछि पनि १९ हजारकै भत्ता निकासा भएकोमा महालेखा परीक्षकले पनि औँला उठाएको थियो। सरकारले भुक्तानी भएको २० अर्ब रुपैयाँलाई मन्त्रिपरिषद्ले अनुमोदन गरेका कारण अख्तियारले कानूनतः हात नमिल्ने विवादलाई लोकमानले नेता तर्साउन उपयोग गरिरहेका थिए। महराको बयान लिई पछि फाइल तामेलीमा पठाइएको थियो। लडाकुको भत्ता वितरणमा विभिन्न चरणमा गरी कुल पैँतीस जना नेताको दस्तखत थियो।

रनाहामा रहेका कार्कीले विष्णु पौडेललाई फोन गर्छन्, 'विष्णुजी नेताहरूलाई कारबाही गर्ने भएँ, तपाईंचाहिँ मेरो साथी, भाइजस्तै हुनुहुन्छ, तपाईंलाई त बचाइहाल्छु नि।' पौडेललाई फोन गर्नु ठिक भएन भनेर अख्तियारकै एक जना कर्मचारीले सम्झाउन खोज्छन्। सम्बन्ध जेजस्तो भए पनि आखिरमा उनी एमालेका नेता हुन्, नेताहरूलाई कारबाही गर्न थालेको कुरा उनले सुनाइहाल्छन् नि भन्ने कर्मचारीहरूको कुरा थियो। पैँतीस जना नेताविरुद्ध कारबाही शुरू गरिहाल्ने कुरामा सहमति हुँदैन। अकूत सम्पत्तिमा अनुसन्धान भएका राजेन्द्रप्रसाद पाण्डे, सुरेन्द्र पाण्डे, रामकुमार श्रेष्ठसहित पाँच जनाको मुद्दा अघि बढाउने अनि लडाकु शिविर घोटालाको अनुसन्धानलाई तीव्र बनाउने भनी पत्रकार सम्मेलनमा एकमत हुन्छ।

अन्ततः साँझ ७ बजे अख्तियारले पत्रकार सम्मेलन गरी लडाकु शिविर घोटालाको उजुरीमा अनुसन्धान तीव्र बनाउने घोषणा ग¥यो। चिसै पानीले नुहाउन लोकमान तयार भएपछि दिउँसोदेखिको 'अफरातफरी' सकियो। लगत्तै लोकमान क्यानडातिर लागे । कात्तिक ३ गते उनी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्दा घाइते बाघ भएर विदेश उडेका उनी स्यालमा रूपान्तरित भइसकेका थिए, त्यही दिन संसद् महाभियोग दर्ता भई उनी पदबाट निलम्बित भइसकेका थिए। रिस उठेका जोकोहीलाई पत्र काट्ने, पक्राउ पुर्जी आदेश दिने उनका दाह्रा, नङ्ग्रा झरिसकेका थिए।

लामो समयदेखि सुपर सरकार बनेका लोकमानदेखि यसै पनि नेताहरू असन्तुष्ट मात्र होइन सशंकित र त्रस्त थिए। आफूनिकट नेता महरालाई पत्र काटिएलगत्तै माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले तत्कालीन प्रधानमन्त्री ओली र कांग्रेस सभापति सुशील कोइरालालाई भेटेर हिजो कार्कीलाई अख्तियारमा ल्याउनु गल्ती भयो, अब महाभियोग लाएर पालिहालौँ भनेका थिए। दुवै सहमत भए पनि आँट गरेका थिएनन्। (रजगज, हरिबहादुर थापा)

३१ भदौको लोकमानको क्वार्टरमा भएको 'आँखो देखा हाल' सुनेपछि अत्तालिएका नेताहरूले ३ कात्तिक २०७३ मा सुटुक्क महाभियोग प्रस्ताव दर्ता गराई राहतको सास फेरेका थिए । सर्वोच्चको फैसलाअघि लोकमानले जस्तोसुकै जोखिम मोल्दिन सक्छन् भन्ने त्रासमा नेताहरू थिए।

महाभियोग दर्ता गरी लोकमानको दह्रा–नङ्ग्रा झारे पनि प्रक्रिया अघि बढाइएन। २४ पुस २०७३ का दिन सर्वोच्चले अयोग्य ठह¥याइदिएपछि (ईश्वर खतिवडा, आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको इजलासले) उनको पदको 'रामनाम सत्य' भएपछि चार वर्ष लामो समानान्तर शासनको अन्त्य हुन पुग्यो।

ठूलै दबाबबीच उनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त बन्न पुगेका थिए। खिलराज रेग्मी मन्त्रिपरिषद् अध्यक्ष नियुक्त भएको चार दिनपछि (२०६९ चैत ३०) एमाओवादी, कांग्रेस, एमाले र मधेशवादी दलका शीर्ष नेताहरूले कार्कीलाई अख्तियार प्रमुख बनाउने निर्णय सर्वसम्मतिले गरेपछि राजाको सक्रिय शासनमा खुंखार राजावादीलाई गणतन्त्रकालमा एकदमै शक्तिशाली पदमा पुग्ने ढोका खुलेको थियो। २२ वैशाख २०७० मा रेग्मी नेतृत्वको संवैधानिक परिषद्ले सिफारिस गरेको थियो । २५ वैशाख २०७० को एकाबिहानै राष्ट्रपतिले शपथग्रहण गराउनु अघिल्लो साँझ नियुक्तिविरुद्ध संघर्षरत समूहसँग एकचोटिलाई राष्ट्रपतिले पुनर्विचारका लागि मन्त्रिपरिषद्समक्ष फिर्ता पठाउन पाउने अधिकारअन्तर्गत फिर्ता पठाउने भनी आश्वस्त गराएका थिए। राति नै दक्षिणको दबाबका कारण राष्ट्रपतिको मन परिवर्तन भएको मानिन्छ।

शुरूदेखि नै उनले समानान्तर सरकारको अभ्यास थालेका थिए। सरकारी, निजी क्षेत्र सबैलाई जुनैबेला जेसुकै गर्न सक्छ भन्ने पारेर त्रास सिर्जनामा जोडबल गरिएको थियो । वास्तविक शक्तिकेन्द्रको सन्देश प्रवाह गर्न शुरूदेखि नै योजनाबद्ध काम भएको देखिन्थ्यो। जस्तै उनको नियुक्तिअघि अख्तियार प्रवेश सुरक्षा चेकजाँच नै थिए। उनी आएपछि दुई ठाउँ सुरक्षा जाँच गर्ने मेशिनहरू पार गरी अख्तियार छिर्नुपर्ने भयो। मोबाइल त भवन बाहिरै थन्क्याउनपर्ने बनाइयो। प्रधानमन्त्री कार्यालयमै त्यस्तो मेशिन धेरैपछि मात्र भित्रिएको हो । जहाँ अरू संवैधानिक निकायका प्रमुखहरू एक जना पीएसओ लिएर हिंड्थे भने अख्तियार प्रमुखका लागि अगुवा–पछुवा गाडीसहितको सुरक्षा प्रबन्ध गर्न लगाएका थिए।

अख्तियारले ठूला ऋणीहरूको विवरण मागे, राष्ट्र बैंकले गोपनीयताको कारण दिन नसकिने जवाफ फर्काएपछि गभर्नर डा. युवराज खतिवडा नै आज समातिन्छन् कि भोलि समातिन्छन् भन्ने त्रास सिर्जना गरियो नै निजी क्षेत्रमा पनि त्रासको विस्तार हुन पुगेको थियो । विश्व बैंक र अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) ८ अर्ब रुपैयाँ लगानी गर्न तयार भइसकेको काबेली–ए जलविद्युत परियोजनाको लाइसेन्स रद्द गर्न निर्देशन दिएपछि हल्लीखल्ली मच्चियो । विस्तृत इन्जिनियरिङ अध्ययन र आयोजनास्थल पुग्ने सडक निर्माण र जग्गा अधिग्रहणको काम करिब पूरा भई डेढ अर्बमा लगानी भइसकेको भनिएको ३७.६ मेगावाटको परियोजना रद्द गर्ने निर्देशनउपर संसद्को अर्थ समितिमै छलफल भयो। कार्की अनुपस्थित भएपछि चर्कोसँग पेश भएका एमाले सांसद सुरेन्द्र पाण्डे अख्तियारको अकुत सम्पत्तिको अनुसन्धानमा तानिइहाले।

सर्वशक्तिमान् देखाउने क्रममा उनी अर्थ समितिले बोलाउँदा अनुपस्थित रहे। पछि एकचोटि उपस्थित हुँदा संसद्का महासचिव नै उनलाई 'रिसइबीब' गर्न गाडीसम्म पुगेको दृश्य देखियो । पछि त संसदीय क्षेत्रबापत विनियोजित बजेटबारे उजुरी लेख्न लगाई बयानमा बोलाउने क्रम शुरू भएपछि संसदीय समितिहरूले बोलाउने आँट गर्न सक्ने कुरै भएन।

बदलाको भावनाले ओतप्रोत देखिने लोकमानले उनको नियुक्तिको विरोध गर्नेहरूलाई शुरूमै लपेटेका थिए। कनकमणि दीक्षित, वरिष्ठ अधिवक्ता शम्भु थापा आदि उनको पहिलो निशानामै परे । लोकमान नियुक्तिमा सघाएको भनिएका केपी शर्मा ओली, विष्णु पौडेललाई कारबाही गर्न केन्द्रीय समितिमा माग गर्ने डा. विजय पौडेल पनि अकूत सम्पत्तिको मुद्दामा १३ पाने भराएर तारेखमा राखिए । 'त्यसबखत अख्तियार सुपर सरकार थियो,' योग्यता नपुग्ने रिटसहित कार्कीलाई पदमुक्त गराउन भूमिका खेलेका अधिवक्ता ओमप्रकाश अर्याल सम्झिन्छन्, 'नियुक्ति, सरुवा–बढुवा हुँदै न्यायाधीश नियुक्तिमै अख्तियारको छाया देखिन थालेका थियो।'

लोकमानले भन्दिनासाथ नियुक्ति, सरुवा–बढुवा भइहाल्ने हुँदा चाकरहरूको भीड अख्तियारतिरै हुन्थ्यो। उपत्यकाबाहिर तैनाथ पुलिसका हाकिमहरू उनको दर्शनभेटका लागि याचना गरिरहेका हुन्थे, समय मिलेपछि बिदा लिएर राजधानी झर्थे।

एकदिन तत्कालीन प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्याललाई बोलाएर उनका अतिप्रिय भइसकेका प्रहरी निरीक्षक (इन्सपेक्टर) दानबहादुर थापालाई बढुवा गर्न आदेश दिन्छन् । अर्यालले धेरै जना वरिष्ठहरू बाँकी रहेको भनेर सम्झाउन खोज्छन्, कार्की कुरा सुन्नै चाहँदैनन् । उनले बोलेपछि सक्कियो, आदेश तामेल भइहाल्नपर्ने अवस्था थियो। थापालाई बोलाएर आइजिपी अर्यालले थापालाई बोलाएर सम्झाउन खोज्छन, 'सिनियरहरूलाई उछिनेर बढुवा खान्न भन्दे, नत्र अहिले बढुवा खाए पनि पछि तँलाई गाह्रो पर्छ केटा।' कार्कीको पावरमा मैमत्त थापा टसको मस हुँदैनन्। बाठा अर्यालले पनि बढुवा नै ढिलासुस्ती गरी ठूलो लट बढुवा गरिदिए, जसको कारण थापाको बढुवा त भयो, तर उनले वरिष्ठहरूलाई उछिन्न पनि पाएनन्।

लोकमानले सरकारभन्दा माथि रहेको सन्देश दिन कुनै कसर राखेनन् । पदमुक्त हुनु अलि अघि उनले प्रधानमन्त्री कार्यालयकै हलमा सचिवहरूलाई निर्देशन दिने कार्यक्रम तय गरे। बिहान ८ बजेदेखि ४ बजेसम्म चलेको कार्यक्रममा करिब चार घण्टा त कार्की एक्लै बोलेका थिए। प्रधानमन्त्रीले नै बोलाउने सचिवहरूको बैठकमा पनि पूर्वनिर्धारित कार्यक्रम भए सचिवहरूले वरिष्ठ सहसचिवलाई पठाउने गरेकोमा अख्तियार प्रमुखले बोलाएको बैठकमा निर्देशन सुन्न सबै सचिव उपस्थित थिए । कार्यक्रममै निर्धारित ब्रेकबाहेक कुनै सचिवले शौचका लागि उठ्ने हिम्मत पनि गरेनन्।

यस्तो सुपर सरकार सुनिएको अख्तियार अहिले आएर प्रधानमन्त्रीका सहयोगीहरूले थर्काएअनुसार अघि बढ्ने अवस्थामा सुनिन थालेको छ। 'शिकारी खुद यहा शिकार होगया' भनेजस्तै भएको छ । गएको सोमबार प्रमुख आयुक्तसहित अख्तियारका सबै पदाधिकारीलाई प्रधानमन्त्री कार्यालयमा बोलाएर नौ घण्टा राखेर उनीहरूले भनेबमोजिम नै राहदानी विभागमा महानिर्देशक तीर्थ अर्याल र आईटी निर्देशक सुनिल केसीलाई थुन्न लगाइयो भने राहदानीको ठेक्कामा भ्रष्टाचार मुद्दा बनाई अघि बढ्न बाध्य बनाइयो भन्ने समाचारहरू प्रकाशित भएका छन्।

हिजो पनि गलतै भयो, भ्रष्टाचारउपर अनुसन्धान, अभियोजन गरी सुशासनमा सघाउन गठित आयोगका प्रमुख आयुक्त सुपर सरकार बनेर सरकार कामकाजमै हस्तक्षेप गर्थे । छानबिनका नाममा बयानका लागि उपस्थित गराउने त्रासमा आफूले भनेबमोजिम गराउने गर्थे। आज पनि गलतै भएको छ, स्वायत्त संवैधानिक निकायलाई जोरजर्बस्तीमार्फत आफूअनुकूल बन्न बाध्य बनाइएको छ । हिजो लोकमान नेतृत्वको अख्तियार बेलगाम, अधिकारक्षेत्रप्रति बेपरवाह मैमत्त थियो, आज प्रधानमन्त्री कार्यालय देखिँदै छ।

योग्यताविरुद्ध परेको निवेदनलाई सुनुवाइका लागि निस्सा दिने आदेश हुनु एक महिनाअघि मात्रैको कुरा, अख्तियारको तारेखमै रहेका महरा र विक्रम पाण्डे (राप्रपा) मन्त्री बन्ने सम्भावित सूचीमा रहेकाले फाइल तामेलीमा राखिदिन अनुरोध आइरहेको थियो । लोकमानका निकटस्थहरूले पनि कारबाही अघि बढ्ने सम्भावना नरहँदा तामेलीमा राख्दिएर मन्त्री बन्ने बाटो खोलिदिन बिन्ती बिसाइरहेका थिए । लोकमानचाहिँ 'तिनले पहिले आएर मेरो खुट्टामा नाक रगडून् अनि तामेलीमा हाल्दिन्छु भन्थे ।' एकदिन लोकमानले महराको फाइल तामेलीमा हाल्दिनु भने। खासमा सांसद अमरेशकुमार सिंहले बिहानै महरालाई लिएर आई लोकमानसँग भेट गराएपछि उनले तामेलीमा राख्ने आदेश दिएका थिए। विक्रम पाण्डेको फाइल पनि तामेलीमै गयो। महरा र पाण्डे २० साउन २०७३ मा प्रचण्डको नेतृत्वमा बनेको सरकारमा मन्त्री बने । यो हदको शक्ति अभ्यास गरेका लोकमान त्यसयता गुमनाम नै थिए, हालै एउटा युट्यूब च्यानलमा लामो अन्तरवार्तामार्फत झुल्किएका छन्। सबै पदाधिकारीसहितको अख्तियारको टिमलाई प्रधानमन्त्री कार्यालयमा बोलाएर भनेबमोजिम गराउन उकास्ने भनेर अनुमान गरिएका हाल पासपोर्ट आपूर्ति गरिरहेको अनि नयाँ ठेक्का नपाएको फ्रेन्च कम्पनीका एजेन्ट सिद्धार्थ पाण्डेचाहिँ लोकमानकै सम्धी रोहिणी थपलियाका छोरी ज्वाइँ हुनुचाहिँ संयोग मात्रै हो कि थप केही छ, भविष्यमै प्रष्ट होला।

(टिप्पणीमा वर्णन गरिएका घटनाक्रमहरू प्रत्यक्षदर्शीहरूकै मुखबाट सुनेअनुसार लेखिएको हो, नाम उल्लेख गर्ने सहमति प्राप्त नभएकाले नाम उल्लेख गर्न नसकिएको हो) –उकालो

# लुम्बिनीमा भुटानी गुम्बा निर्माण सुरु

**भैरहवा।**

भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा भुटान सरकारले निर्माण गर्न लागेको भुटानी गुम्बाको शनिबार औपचारिक रूपमा शिलान्यास गरिएको छ। भुटानका गृहमन्त्री ल्योन्पे छिरिङ, भुटानका धर्मगुरु उप महासङ्घराजा दोर्जे लोपेन रिम्पोछे तथा नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डनमन्त्री खड्गराज अधिकारी (गणेश) पौडेलको उपस्थितिमा विशेष धार्मिक विधिअनुसार गुम्बा निर्माणको शुभारम्भ गरे।

शिलान्यास कार्यक्रममा भुटानी लामागुरुहरूले धार्मिक अनुष्ठान गर्दै भूमि पूजन गरेका हुन्। गुम्बा निर्माणलाई भुटान र नेपालबीचको सांस्कृतिक, धार्मिक तथा कूटनीतिक सम्बन्धलाई अझ सुदृढ बनाउने ऐतिहासिक कदमका रूपमा हेरिएको छ।

भुटान सरकारको गृह मन्त्रालयअन्तर्गत संस्कृति तथा जोंखा विकास विभागकी महानिर्देशक म्याक्सुद ओजीले लुम्बिनीमा भुटानी मन्दिर निर्माण सुरु हुनु भुटानका लागि अत्यन्त महत्त्वपूर्ण र ऐतिहासिक उपलब्धि भएको बताइन् । उनले भने, 'लुम्बिनी परिसरमा नयाँ भुटानी मन्दिर निर्माण कार्य सुरु गर्नका लागि भूमि देवीको आशीर्वाद लिन हामी यहाँ उपस्थित भएका छौँ । यो परियोजनाले भुटानी बौद्ध परम्परा र संस्कृतिलाई बुद्धको जन्मभूमिसँग जोड्नेछ।'

भुटान सरकार र लुम्बिनी विकास कोषबीच गतवर्ष गुम्बा निर्माणसम्बन्धी समझदारीपत्र (एमओयू) मा हस्ताक्षर भएको थियो । सम्झौताअनुसार चालु वर्षभित्रै परियोजना सुरु गर्ने प्रतिबद्धता कार्यान्वयन गर्दै निर्माण प्रक्रिया अघि बढाइएको उनले बताए।

परियोजनाको पहिलो चरणअन्तर्गत गुम्बा परिसरको सीमा पर्खाल निर्माण कार्य सम्पन्न भइसकेको छ भने अब मुख्य मन्दिर निर्माणको काम सुरु गरिएको छ । भुटान सरकारले आगामी दुई वर्षभित्र सम्पूर्ण निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको ओजीले बताए।

प्रस्तावित गुम्बामा भुटानको मौलिक वास्तुकला, धार्मिक कला तथा सांस्कृतिक विशेषतालाई समेटिने बताइएको छ। भुटानी शैलीका संरचना, प्रार्थना कक्ष, सांस्कृतिक प्रदर्शनी क्षेत्र तथा धार्मिक गतिविधिका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछन्।

महानिर्देशक ओजीका अनुसार गुम्बा निर्माण सम्पन्न भएपछि लुम्बिनी भ्रमणमा आउने विश्वभरका बौद्ध तीर्थयात्री तथा पर्यटकहरूले भुटानी संस्कृति, कला र आध्यात्मिक परम्पराको प्रत्यक्ष अनुभव गर्न सक्नेछन्।

'एक बौद्ध राष्ट्रका रूपमा हामी हाम्रो विशिष्ट वास्तुकला र बुद्धप्रतिको श्रद्धालाई यहाँ प्रस्तुत गर्न चाहन्छौँ,' उनले भने, 'यसले लुम्बिनीलाई अझ अन्तरराष्ट्रिय र बहुसांस्कृतिक बौद्ध केन्द्रका रूपमा स्थापित गर्न मद्दत पु¥याउनेछ।'

**द्विपक्षीय वार्तामा पर्यटन सहकार्यमा जोड**

गुम्बा शिलान्याससँगै नेपाल र भुटानका उच्च सरकारी प्रतिनिधिबीच लुम्बिनीमा द्विपक्षीय भेटवार्ता पनि सम्पन्न भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्गराज पौडेल र भुटानका गृहमन्त्री ल्योन्पे छिरिङबीच भएको छलफलमा पर्यटन, सांस्कृतिक आदानप्रदान तथा दुई देशबीचको सम्बन्धलाई थप मजबुत बनाउने विषयमा केन्द्रित रहेर विचार विमर्श भएको थियो।

लुम्बिनी विकास कोषका निमित्त सदस्य सचिव ज्ञानीन राईका अनुसार वार्ताका क्रममा नेपालले दुई महत्त्वपूर्ण प्रस्ताव भुटानी पक्षसमक्ष राखेको थियो । मन्त्री पौडेलले भुटानको पारो अन्तरराष्ट्रिय विमानस्थल र भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबीच सिधा हवाई उडान सञ्चालन गर्नुपर्नेमा जोड दिए।

कोषका निमित्त सदस्य सचिव राईका नेपाली पक्षले पारो–लुम्बिनी–बोधगया धार्मिक पर्यटन सर्किट विकास गर्न सके दक्षिण एशियाली बौद्ध पर्यटनमा नयाँ सम्भावना सिर्जना हुने धारणा राखेको थियो । हाल भुटानको राष्ट्रिय ध्वजावाहक ड्रुक एअरले पारो–काठमाडौँ उडान सञ्चालन गर्दै आएको सन्दर्भमा लुम्बिनीलाई अन्तरराष्ट्रिय बौद्ध गन्तव्यका रूपमा प्रत्यक्ष हवाई सञ्जालमा जोड्नुपर्ने आवश्यकता नेपाली पक्षले औँल्याएको थियो।

भुटानले विदेशी पर्यटकहरूमाथि लागू गर्दै आएको दिगो विकास शुल्क (एसडीएफ) सम्बन्धी थियो। हाल नेपाली नागरिकहरूले पनि भुटान भ्रमण गर्दा प्रतिव्यक्ति प्रतिदिन १०० अमेरिकी डलर बराबरको शुल्क तिर्नुपर्ने व्यवस्था रहेको छ।

नेपालले दुई देशबीचको ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सम्बन्धलाई ध्यानमा राख्दै नेपाली नागरिकका लागि शुल्क हटाउन वा विशेष सहुलियतको व्यवस्था गर्न आग्रह गरेको छ । भारत र बङ्गलादेशका पर्यटकका लागि छुट्टै व्यवस्था रहेको उदाहरण प्रस्तुत गर्दै नेपाली पक्षले नेपाली पर्यटकलाई सहज पहुँच उपलब्ध गराउन आग्रह गरेको थियो।

भुटानका गृहमन्त्री ल्योन्पे छिरिङले नेपालले उठाएका विषयहरूलाई सकारात्मक रूपमा लिइएको बताउँदै आवश्यक सरकारी तहमा थप छलफल गरिने प्रतिबद्धता व्यक्त गरेका थिए । उनले लुम्बिनीमा भुटानी गुम्बा निर्माणका लागि नेपाल सरकारले उपलब्ध गराएको जग्गा तथा सहयोगप्रति भुटान सरकारको तर्फबाट आभार व्यक्त गरे। उनले लुम्बिनी र भुटानबीचको धार्मिक सम्बन्धलाई अझ सुदृढ बनाउँदै बौद्ध सम्पदा संरक्षण, तीर्थ पर्यटन प्रवद्र्धन तथा जनस्तरको सम्बन्ध विस्तारमा सहकार्य बढाउने प्रतिबद्धता पनि जनाए।

द्विपक्षीय भेटवार्तामा नेपालका तर्फबाट लुम्बिनी क्षेत्रबाट निर्वाचित सांसद तौफिक अहमद खाँन र रूपन्देही–४ बाट निर्वाचित सांसद कन्हैया बनियाको सहभागिता थियो। यसैगरी भुटानका तर्फबाट नेपालका लागि भुटानका राजदूत मेजर जनरल भेत्सोप नामग्येल, भुटान सरकारका गृह सचिव लगायतको सहभागिता रहेको थियो। रासस

# सरकारबाट उपचार खर्च लिने क्यान्सरका बिरामी बढे

**काठमाडौँ ।**
विगत पाँच वर्षमा क्यान्सरका बिरामी करिब दोब्बरले बढेका छन् । सरकारबाट उपचार खर्च लिने क्यान्सरका बिरामी बढेका स्वास्थ्य सेवा विभागको सामाजिक सुरक्षा तथा नर्सिङ महाशाखाले जनाएको छ । महाशाखाका निर्देशक हिरादेवी निरौलाले पाँच वर्षमा क्यान्सरको उपचारबापत सहुलियत लिने बिरामी दोब्बरले बढेका जानकारी दिए । उनका अनुसार आर्थिक वर्ष २०७७/७८ मा १५ हजार १८७ क्यान्सरका बिरामी रहेकामा आर्थिक वर्ष २०८१/८२ मा २८ हजार ६७८ जना पुगेका छन् । उनले क्यान्सरको जनचेतना कमीले क्यान्सर रोग लाग्ने गरेको बताए । 'क्यान्सरको जनचेतनाको कमीले क्यान्सर रोग लाग्ने गरेको पाइएको छ,' उनले भने, 'सरकार नागरिक समाज सबैले क्यान्सर रोगबाट बचाउन जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।'

यसैगरी, २०७८/७९ मा १९ हजार ३१, २०७९/८० मा १६ हजार ६९६ र २०८०÷८१ मा २२ हजार १५३ जना क्यान्सरका बिरामीले महाशाखाबाट उपचार खर्च लिएका महाशाखाका निर्देशक निरौलाले जानकारी दिए । महाशाखाले विपन्न नागरिक औषधि उपचार कोषबाट क्यान्सर पीडितका लागि रु एक लाखसम्मको औषधि उपचारको व्यवस्था गर्दै आइरहेको छ । यस्तै, प्रदेश सरकारले पनि थप रु एक लाखसम्मको उपचार सहायता प्रदान गर्दै आएको छ । शरीरको कोष तथा कोषिकाको समूहको अस्वाभिक वृद्धि नै क्यान्सर रोग हो ।



यसलाई एक प्रकारको गिर्खा वा ट्युमर पनि भनिन्छ । नेपालमा देखिएका मुख्य क्यान्सरमा फोक्सोको क्यान्सर, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, पेटको क्यान्सर र आन्द्राको क्यान्सर प्रमुख रहेका महाशाखाका निर्देशक निरौलाले जानकारी दिए । उनका अनुसार पुरुषमा फोक्सो, पेट, आन्द्रा, मुख र थाइराइडको क्यान्सर बढी देखिएको छ भने महिलामा पाठेघरको मुख, स्तन, फोक्सो, पित्तथैली र डिम्बाशयको क्यान्सर प्रमुख छन् ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका क्यान्सर रोग विशेषज्ञ डा अरुण शाहीले अत्यधिक मद्यपान र सुर्तीजन्य पदार्थको सेवन, खानपिन, जीवनशैली, आराम, विकिरणको प्रभाव, जीवाणुको कारण, वङ्शाणुगत कारण जस्ता मुख्य कारणले क्यान्सर निम्त्याउने बताए । 'भात, दाल, तरकारी, अचार नखाएर हामी बढीजसो फास्टफुड, जङ्कफुड, धुम्रपान, मद्यपान, पोलेको, व्यायाम नगर्दा, सडेगलेका तथा बासी खानेकुरा खाँदा धेरै नै क्यान्सर हुने जोखिम हुन्छ', उनले भने, 'मोटोपनले गर्दा क्यान्सर हुने जोखिम दोस्रो कारक हो ।' उनले खानपिन, आराम, व्यायाम, धुम्रपान, मद्यपान र मोटोपनलाई रोक्न सके क्यान्सरलाई कम गर्न सकिने बताए । नेपालमा सबभन्दा बढी फोक्सो र त्यसपछि महिलाको पाठेघरको मुखमा हुने क्यान्सर रहेको छ । त्यसपछि स्तन क्यान्सर, पेटको क्यान्सर, ठूलो आन्द्राको क्यान्सर र रगतको क्यान्सर पर्ने गर्दछन् ।

सरकारले पाठेघरको मुखको क्यान्सर विरुद्धको लगाइने 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप किशोरीलाई निःशुल्क लगाउँदै आएको छ । सरकारकै तहबाट क्यान्सर रोग उपचारका लागि भक्तपुर क्यान्सर अस्पताल, चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल र सुशील कोइराला प्रखर क्यान्सर अस्पताल स्थापना गरेको छ । रासस

# श्रममन्त्री यादवसँग साउदी अरबका राजदूतको शिष्टाचार भेट



**काठमाडौँ ।**
युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवसँग नेपालका लागि साउदी अरबका राजदूत फहद मोहम्मद ए. मिएखरले शिष्टाचार भेट गरेका छन् । भेटका क्रममा मन्त्री यादवले साउदी अरबले कार्यान्वयन गर्न लागेको नेपाली श्रमिकहरूको सीप प्रमाणीकरण (एसभिपी) प्रक्रियालाई स्थगन गर्न विशेष आग्रह गरे । साथै, उक्त प्रक्रियाका कारण नेपाली श्रमिकको भिसा प्रक्रिया प्रभावित नहोस् र भिसा प्रक्रिया यथावत् अगाडि बढाइयोस् भन्ने विषयमा पनि उनले विशेष अनुरोध गरे ।

हाल साउदी अरब जान तयारी अवस्थामा रहेका नेपाली श्रमिक सीप प्रमाणीकरण प्रक्रियासम्बन्धी अन्योलका कारण समस्यामा परेको अवस्थाप्रति ध्यानाकर्षण गराउँदै मन्त्री यादवले श्रमिकको रोजगारीमा कुनै अवरोध नआउने वातावरण सुनिश्चित गर्न आग्रह गरे । उनले सीप प्रमाणीकरण (एसभिपी) प्रक्रियासँग सम्बन्धित सबै विषय द्विपक्षीय परामर्श र सहमतिका आधारमा स्थापित संयन्त्रमार्फत समाधान गरिनुपर्नेमा जोड दिए ।

सो अवसरमा राजदूतले साउदी सरकारसँग आवश्यक परामर्शपश्चात् यस सम्बन्धमा थप जानकारी उपलब्ध गराइने जानकारी गराएको श्रमन्त्रीको सचवालयले जनाएको छ । रासस

# समस्याग्रस्त सहकारी गाभ्नका लागि कामपाको सर्त




**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले समस्याग्रस्त सहकारीहरू एकआपसमा गाभ्नका लागि सर्तहरू अगाडि बढाएको छ । कामपा क्षेत्राधिकार भई सञ्चालनमा रहेका सहकारी संस्थाले सहकारी ऐन २०७४ को दफा ६६ बमोजिम सहकारी संस्था विघटन र दर्ता खारेजी गर्ने सम्बन्धमा सम्बनधीत संस्थाको विभिन्न सर्तहरू अघि सारेको छ । सहकारी विभागका प्रमुख धुव्रकुमार काफ्लेका अनुसार लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको अवस्था भएमा र साधारण सभाको तत्काल कायम रहेका दुई तिहाई बहुमत सदस्यको निर्णयबाट संस्थाको निर्णय गरी दर्ता खारेजीको स्वीकृतका लागि इच्छुक संस्थाले प्रक्रिया अघि बढाउन सक्ने छ ।

त्यसका लागि कामपाले सम्बन्धित संस्थको लेटर प्याड सहकारीको विघटन दर्ता खारेजीसम्बन्धी निवेदन, वडा कार्यलयबाट व्यवसाय कर तथा वहाल कर चुक्ताको प्रमाणपत्र, साधारणसभाबाट दुई तिहाई सदस्यले सहकारी विघटन÷दर्ता खारेजीको निर्णयको प्रमाणित प्रतिलिपी, शेयर सदस्यको विवरण, ऋणीको विवरण, बचतकर्ताको विवरण, हालसम्मको सञ्चालक समितिको तीनपुस्ते विवरण र ऋण लगानी बाहेकका अन्य चल अचल सम्पत्तिको विवरण विभागका प्राप्त भएमा मात्र कानुनी रूपमा प्रक्रिया अघि बढाइने प्रमुख काफ्लेले जानकारी दिए ।

पछिल्लो समय कामपा सहकारी विभागमा रु पाँच अर्ब २७ करोड बचत रकम फिर्ताका निम्ति आवश्यक प्रयास गरिदिन छ हजार बचतकर्ताले आवेदन पनि परेको बताइएको छ । विभागका अनुसार आगामी एक महिनाभित्र रु पाँच लाखसम्म बचत गर्नेहरूको रकम फिर्ता गर्ने योजना रहेको छ । साथै ठूला बचतकर्ताका हकमा ऋण असुली प्रक्रिया अघि बढाउँदै बचत फिर्ता गर्न समन्वय भइरहेको पनि प्रमुख काफ्लेले जानकारी दिए । सहकारी विभागले उजुरी दर्ता, सञ्चालक र बचतकर्ताबीच छलफल तथा मिलापत्र गराउने कार्य गर्दै आएको छ ।

सहमति हुन नसकेमा आवश्यक कारबाहीका लागि सिफारिस गरिने विभागले जनाएको छ । हाल कामपामा एक हजार ९१२ सहकारी रहेको छ । ५० प्रतिशत सहकारीले मात्रै नियमित रूपमा वार्षिक साधारणसभा गरेको प्रतिवेदन पेस गर्ने गरेका छन् । दर्ता भएका तर नियमित रूपमा साधारणसभा नगर्ने सहकारीलाई कामपाले कानुनी कारबाही प्रक्रिया अघि बढाउने भएको छ । रासस

# छ वर्ष लगाएर तयार गरियो प्रतिरक्षा विश्वविद्यालय स्थापनासम्बन्धी विधेयकको मस्यौदा




**काठमाडौँ ।**
राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति गठनको छ वर्षपछि 'राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापना तथा व्यवस्थापनसम्बन्धी विधेयक'को मस्यौदा तयार भएको छ । रक्षा मन्त्रालयले उक्त मस्यौदामा तयार गरी सम्बन्धित निकायहरूको परामर्श लिइसकेको जनाएको छ । सो मन्त्रालयको गत जेठ महिनाको प्रगति विवरणमा 'राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापना तथा व्यवस्थापनसम्बन्धी विधेयक' शिक्षा तथा खेलकुद मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग र अर्थ मन्त्रालयबाट राय÷सुझाव लिई प्राप्त सहमतिअनुसार संशोधनका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउने क्रममा रहेको' भनिएको छ । विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले गत वैशाख १० गते राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६ मा छैटौँ संशोधन गरी पूर्वाधार विकास समितिको कार्य अवधि एक वर्ष थपेको छ । गत वैशाख १० गतेको नेपाल राजपत्रको भाग–३ अन्तर्गत रक्षा मन्त्रालयको सूचनामार्फत सो जानकारी दिइएको थियो । गठन आदेशको दफा २५ को (१) मा उक्त पूर्वाधार विकास समितिको अवधि छ वर्ष रहने भन्ने उल्लेख भएकामा छैटौँ संशोधनबाट सात वर्ष कायम गरिएको हो । पूर्वाधार निर्माणका कार्य पूरा नभएकाले यसअघि पनि उक्त पूर्वाधार विकास समितिको अवधि पटकपटक थप गरिएको छ । विश्वविद्यालयको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक भौतिक, संस्थागत तथा कानुनी तयार गर्न सो पूर्वाधार विकास समिति गठन गरिएको हो ।

राष्ट्रिय सुरक्षा र प्रतिरक्षा विषयमा अध्ययन, अध्यापन र अनुसन्धानका लागि नेपाली सेनाको सक्रियतामा सक्रियतामा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय (नेसनल डिफेन्स युनिभर्सिटी एनडीयु) स्थापना गर्न खोजिएको हो । हाल नेपालमा सैनिक कमाण्ड तथा स्टाफ कलेज, नेपाली सैनिक बार कलेजलगायत शिक्षण संस्था सञ्चालनमा छन् । नयाँ स्थापना हुने विश्वविद्यालयमा उच्च शिक्षा अध्ययनदेखि सुरक्षा नीति निर्माणसम्मको अध्ययन अध्यापन हुनेछ ।

# घोराही–तुलसीपुर चारलेनः बिजुलीका खम्बा र रुख हटाइँदै

**दाङ ।**
दाङको घोराही–तुलसीपुर सडक चारलेन बनाउन जिल्लास्थित वन डिभिजन कार्यालयले रुख कटानको आदेश दिएपछि रुख हटाउन थालिएको छ । वन कार्यालयका सूचना अधिकारी भक्तबहादुर चौधरीका अनुसार घोराहीबाट तुलसीपुरसम्म ५९ वटा रुख काट्नु पर्नेछ । सोहीअनुसार अहिले रुख काट्ने कार्य भइरहेको छ । घोराही–तुलसीपुर खण्डमा २० वटाभन्दा बढी पिपलका रुख काट्नुपर्ने अवस्था रहेको उनले बताए ।

विद्युत्का खम्बा हटाउने र रुख काट्ने काम सकिएपछि चारलेनको सडक निर्माणले गति लिने निर्माण कम्पनी श्री दिवाबन्दना भगवती जेभिका इञ्जिनियर सुनिल ढुङ्गानाले बताए । उनका अनुसार केही स्थानमा विद्युत्का खम्बा पनि हटाइ सकिएको छ । अब घोराहीको सर्रा क्षेत्र र तुलसीपुर क्षेत्रमा विद्युत्का खम्बा हटाउन बाँकी रहेको उनले जानकारी दिए । विद्युत्का खम्बाका कारण काम रोकिनुपर्ने अवस्था नभएको इञ्जिनियर ढुङ्गानाले बताए । अहिलेसम्म चारेलनको १५ प्रतिशत काम पूरा भइसकेको जनाउँदै उनले अहिले वाल, कल्भर्ट र नाली निर्माणले गति लिएको उल्लेख गरे । उनका अनुसार घोराहीको डिके पेट्रोलपम्पबाट तुलसीपुरको हातीखौवासम्म चारलेन सडक बन्नेछ ।

सोही स्थानमा सडकको क्षेत्र छुट्याउने काम भइसकेको जनाउँदै इञ्जिनियर ढुङ्गानाले उक्त सडक २१ दशमलव ५८ किमी कालोपत्र तथा चौडाइ चारलेनको हुने उल्लेख गरे । बीचबीचमा मेडिएन र दुवैतर्फ दुई÷दुई लेन हुने उनले बताउँदै बजार क्षेत्रमा फुटपाथसहितको चारलेन र अन्य स्थानमा चारलेन मात्रै सडक हुने जानकारी दिए । 'स्तरोन्नतिका क्रममा सडकको पूरै कालोपत्रको माथिल्लो भाग हटाइनेछ । दुवैतर्फ कटिङ भएको क्षेत्रमा आवश्यक मोटाइमा फिलिङ गरेपछि मात्रै कालोपत्रको काम सुरु हुनेछ', इञ्जिनियर ढुङ्गानाले भने । सडक सुधार आयोजनाअन्तर्गत मदन भण्डारी सडक मार्ग परियोजनामार्फत ठेक्का सम्झौता भएको थियो ।

निर्माण अनुगमनको जिम्मा सडक डिभिजन कार्यालय दाङले पाएको छ । सोही सडकको चौडाइ ३० मिटर हुनेछ । सडक 'अस्फाल्ड' प्रविधिबाट कालोपत्र हुने इञ्जिनियर ढुङ्गानाले जानकारी दिए । 'यसमा ढुङ्गा, गिट्टी र बिटुमिन तार मिसाएर कालोपत्र गरिने भएको यो सडक थप मजबुत बन्नेछ', उनले भने । सम्झौता भएको मितिले ३६ महिनामा काम सम्पन्न गर्ने गरी सम्झौता भएको सडक डिभिजन कार्यालयका प्रमुख दीपेन्द्रबहादुर विष्टले बताए । उनका अनुसार गत २४ असारमा भ्याटबाहेक रु दुई अर्ब २४ करोड ५६ लाखमा सम्झौता भई काम सुरु भएको हो ।

सोही सडक चारलेन बनाउन यसअघि भएको सम्झौता निर्माण कम्पनीले काम नगरेपछि रद्द गरिएको थियो । ठेक्का रद्द भएपछि विसं २०८१ साउनदेखि नयाँ प्रक्रिया सुरु गरिएको थियो । तत्कालीन अवस्थामा अर्थ मन्त्रालयको स्रोत सहमति तथा राष्ट्रिय योजना आयोगको निर्णयानुसार रु तीन करोड ९९ लाख ४९ हजारको बहुवर्षीय ठेक्कामार्फत काम गर्ने सहमति भएको थियो । सोहीअनुसार मदन भण्डारी राजमार्ग निर्देशनालयबाट लागत अनुमानका काम भएर बोलपत्र आह्वान भएको थियो । उक्त सडकबीचमा पर्ने सेवार खोला, हापुर खोला, ग्वारखोला र कालाखोलामा चारलेनको पुल निर्माणका लागि प्रक्रिया अघि बढिसकेको सडक डिभिजन कार्यालयले जनाएको छ । रासस

# नेपालमा लगानी र पर्यटन: विस्तारका अवसरबारे ल्हासामा छलफल

**काठमाडौँ ।**
नेपालमा लगानी, व्यापार र पर्यटन विस्तारका अवसर तथा नेपाल–चीन आर्थिक सहकार्यलाई अझ सुदृढ बनाउने विषयमा चीनको सिचाङ स्वायत्त क्षेत्रको राजधानी ल्हासामा छलफल भएको छ ।

त्यहाँस्थित नेपाली महावाणिज्यदूतावासले हालै आयोजना गरेको कार्यक्रममा चीनको सिचाङ स्वायत्त क्षेत्रीय जन सरकारका कार्यकारी उपाध्यक्ष चाओ पेङ, सिचाङ सरकारका विभिन्न निकायका उच्च अधिकारी, नेपालमा लगानी गरिरहेका तथा लगानी गर्न इच्छुक चिनियाँ लगानीकर्ता, नेपालसँग व्यापारमा संलग्न चिनियाँ व्यवसायी, ल्हासास्थित नेपाली व्यवसायी, पर्यटन व्यवसायी तथा अन्य सरोकारवालासहित ११३ जनाको सहभागिता रहेको थियो ।

महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौलाको अध्यक्षतामा आयोजित कार्यक्रममा वाणिज्यदूत सविन भट्टराईले नेपालको व्यापार, पर्यटन र लगानीका सम्भावनाबारे जानकारी दिनुभएको थियो ।

कार्यक्रममा नेपालका लगानी, व्यापार र पर्यटनका अवसरसम्बन्धी विस्तृत विवरण समावेश गरी तयार पारिएको 'भिडियो' देखाइएको थियो । महावाणिज्य दूतावासले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार प्रमुख अतिथि चाओ पेङले चीन र नेपालबीचको सम्बन्ध थप सुदृढ बनाउन नेपाली महावाणिज्यदूतावासले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए । उनले नेपाल चीनको सच्चा मित्र रहेको उल्लेख गर्दै दुवै देशले एकअर्काको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वतन्त्रताको सम्मान गर्दै आएकाधारणा व्यक्त गरे ।

उनले सिचाङ सरकारले नेपाली महावाणिज्यदूतावासलाई आवश्यक सबै प्रकारका सहयोग उपलब्ध गराउन तयार रहेको बताउँदै हालैको आफ्नो नेपाल भ्रमणले दुई देशबीचको सम्बन्ध अझ सुदृढ भएको विश्वास व्यक्त गरे । नेपाल सुन्दर, शान्तिपूर्ण र चीनको हितैषी मुलुक भएकाले त्यहाँ भ्रमण, व्यवसाय र लगानी गर्न चिनियाँ लगानीकर्तालाई उनले आह्वान गरे । महावाणिज्यदूत निरौलाले चीनको केन्द्रीय सरकार, सिचाङ स्वायत्त क्षेत्रीय सरकार तथा चिनियाँ जनताबाट नेपालले प्राप्त गर्दै आएको सहयोग र सद्भावप्रति आभार व्यक्त गरे ।

उनले राजकुमारी भृकुटी र कलाकार अरनिकोको समयदेखि नेपाल–चीन सम्बन्ध विश्वास, मित्रता र सहकार्यमा आधारित रहेको उल्लेख गर्दै नेपाल एक चीन सिद्धान्तप्रति दृढ प्रतिबद्ध रहेको र नेपाली भूमि कुनै पनि मित्रराष्ट्रविरुद्ध प्रयोग हुन नदिइने स्पष्ट पारे ।

उनले नेपालको व्यापार, पर्यटन र लगानीका सम्भावनाबारे चिनियाँ सरकारी निकाय र लगानीकर्तालाई जानकारी गराउँदै द्विपक्षीय आर्थिक सहकार्य विस्तार गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए । सहभागीको संख्या र गुणस्तरका दृष्टिले कार्यक्रम सफल भएको उनको भनाइ थियो ।

कार्यक्रमअघि कार्यकारी उपाध्यक्ष पेङ र महावाणिज्यदूत निरौलाबीच शिष्टाचार भेट भएको थियो । भेटमा महावाणिज्यदूत निरौलाले हालै सम्पन्न भएका नेपाल र चीनबीचका उच्चस्तरीय भ्रमणले द्विपक्षीय सम्बन्धलाई अझ मजबुत बनाएको उल्लेख गर्दै सीमा पूर्वाधार विकास, सीमा नाकामा आयात–निर्यात तथा आवतजावतमा सहजीकरण, सिचाङमा बसोबास गर्ने नेपालीको व्यवसाय र आवतजावतमा सहजता तथा नेपालीलाई भिसा र तिब्बत प्रवेश अनुमतिमा सहजीकरण गरिदिन आग्रह गरे । उनले ल्हासास्थित ऐतिहासिक सरस्वती मन्दिर र सिगात्सेस्थित नेपाली भीमसेन मन्दिरको नेपाली शैलीमा जीर्णोद्धारका लागि सहयोगका निम्ति अनुरोध पनि गरे ।

जवाफमा कार्यकारी उपाध्यक्ष पेङले नेपाल र सिचाङबीच हिमालय र नदीले जोडिएको सीमा मात्र नभई ऐतिहासिक र सांस्कृतिक सम्बन्ध पनि उत्तिकै बलियो रहेको बताए । उनले सीमा व्यवस्थापनमा आवश्यक सहयोग गर्न चीन तयार रहेको, सरस्वती र भीमसेन मन्दिरको जीर्णोद्धारका लागि पहल गरिने तथा रसुवागढीस्थित सीमा नदीमा पक्की पुल निर्माणका लागि चीन तयार रहेको जानकारी दिएको विज्ञप्तिमा उल्लेख छ । रासस

# अमेरिका–इरान तनावले मध्यपूर्व युद्धविराममा चुनौती

**तेहरान ।**
अमेरिकाले 'स्ट्रेट अफ हर्मुज' मा व्यावसायिक कार्गो जहाजमाथि इरानले आक्रमण गरेको आरोप लगाएपछि दुवै देशबीच पुनः सैन्य तनाव चर्किएको छ । इरानी सरकारी सञ्चारमाध्यमका अनुसार अमेरिकी आक्रमणको प्रत्युत्तरमा इरानले खाडी क्षेत्रमा रहेका अमेरिकी सैन्य अखडालाई लक्षित गरी आक्रमण गरेको छ । इरानी पक्षले थप आक्रमण भए आफ्नो प्रतिक्रिया अझ व्यापक हुने चेतावनी दिएको छ ।
अमेरिकी केन्द्रीय कमाण्ड (सेन्टकम)ले इरानी क्षेप्यास्त्र तथा ड्रोन भण्डारणस्थल र तटीय राडार प्रणालीमाथि आक्रमण गरिएको पुष्टि गर्दै त्यसलाई 'स्टे«ट अफ हर्मुज' हुँदै आवतजावत गर्ने व्यावसायिक जहाजमाथिको आक्रमणको जवाफ भएको जनाएको छ । सेन्टकमले इरानको गतिविधिलाई युद्धविरामको उल्लङ्घनसमेत भनेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कार्गो जहाजमाथिको ड्रोन आक्रमणको निन्दा गर्दै त्यसलाई युद्धविराम सम्झौताविपरीतको कदम भएको बताउनुभएको छ । उपराष्ट्रपति जेडी भान्सले पनि इरानबाट थप आक्रमण भए कडा जवाफ दिइने चेतावनी दिनुभएको छ ।
यसैबीच इरानले 'स्टे«ट अफ हर्मुज' मार्फत आवतजावत गर्ने जहाजलाई अनुमति नलिई यात्रा नगर्न चेतावनी दिएको छ । यद्यपि जलमार्गबाट जहाजहरूको आवतजावत जारी रहेको जनाइएको छ । तनाव बढेपनि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा गिरावट आएको छ । 'स्टेट अफ हर्मुज' हुँदै विश्वको २० प्रतिशतभन्दा बढी तेल तथा ग्यास निर्यात हुने भएकाले त्यहाँको अवस्थालाई विश्व बजारले नजिकबाट नियालिरहेको छ ।
यसैबीच इजरायल, लेबनान र संयुक्त राज्य अमेरिकाबीच शुक्रबार सम्पन्न त्रिपक्षीय सम्झौताले लेबनान–इजरायल सीमामा शान्ति प्रक्रियाको आधार तयार गरेको छ । सम्झौतामा लेबनानी सेनाले इजरायलको नियन्त्रणमा रहेका दुई क्षेत्रमा सुरक्षा जिम्मेवारी सम्हाल्ने तथा हिज्बुल्लाहको निशस्त्रीकरण प्रक्रिया अघि बढाउने व्यवस्था गरिएको छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले उक्त सम्झौताले स्थायी शान्तिको आधार तयार गरेको बताए । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले पनि सम्झौतालाई सकारात्मक भन्दै हिज्बुल्लाह निशस्त्र नभएसम्म इजरायली सेना आफ्नो सुरक्षा क्षेत्रमा रहने स्पष्ट पारे । यद्यपि हिज्बुल्लाहले उक्त सम्झौताको विरोध गर्दै यसले क्षेत्रीय शान्ति प्रक्रियालाई कमजोर पार्ने दाबी गरेको छ ।
यसैबीच अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आईएईए) का महानिर्देशक राफायल ग्रोसीले अमेरिका–इरानबीच हुने कुनै पनि अन्तिम सम्झौतामा इरानले आणविक हतियार विकास नगर्ने सुनिश्चित गर्न कडा अनुगमन संयन्त्र आवश्यक पर्ने बताएका छन् । अन्तरिम सहमतिअनुसार इरानसँग रहेको ६० प्रतिशतसम्म समृद्ध करिब ४४० किलोग्राम युरेनियमलाई आईएईएको निगरानीमा कम समृद्ध बनाइने व्यवस्था गरिएको छ । रासस

# खाडीबाट फर्केर गाईपालनः मासिक दुई लाख आम्दानी



**पर्वत ।**
रोजगारीका लागि आठ वर्षसम्म खाडीमुलुक साउदी अरब बसे पनि भनेजस्तो कमाई गर्न नसकेपछि घर फर्किएर व्यावसायिक गाईपालन गरेका पर्वतका एक युवाले मासिक रु दुई लाखभन्दा बढी आम्दानी गर्दै आएका छन् । पर्वतको जलजला गाउँपालिका–८ फर्सेका ४५ वर्षीय नारायण जिसीले स्वदेशमै बसेर मासिक रु दुई लाखभन्दा बढी आम्दानी गर्न सफल भएका हुन् । विगत १३ वर्षदेखि व्यावसायिक गाईपालनमा लाग्नुभएका जिसीको गोठमा १२ वटा गाई र एउटा भैँसी छ । उनले दैनिक रूपमा ७५ देखि ८० लिटर दूध उत्पादन गरी बजारमा बिक्री गर्दै आएको जानकारी दिए । 'गाईपालन सुरु गरेपछि आठ वर्ष साउदी अरब गएर काम गरेँ, तर आफ्नै घरमा जस्तो कमाई नभएपछि पुनः फर्केर व्यवसाय विस्तार गरेको हुँ', उनले भने ।
पछिल्लो पटक रु १५ लाख लगानी गरेर गाईपालनमार्फ दूध उत्पादन थालेका जिसीले यो व्यवसायबाट आफू सन्तुष्ट रहेको बताए ।
उनले दूध बिक्रीबाट वार्षिक रु २४ लाखभन्दा बढी आम्दानी हुने गरेको बताए । उनले दानापानी, घाँस, परालका लागि मासिक रु ६० हजार खर्च हुने गरेको बताउँदै खर्च कटाएर वार्षिक रु १७ लाखदेखि रु १८ लाखसम्म बचत गर्ने गरेको जानकारी दिए । उनका अनुसार उत्पादित दूध बस्ती नजिकै रहेको सङ्गम दुग्ध उत्पादक तथा कृषि सहकारी संस्थाको सङ्कलन केन्द्रमा बिक्री हुँदै आएको छ । सहकारीले प्रतिलिटर गुणस्तरका आधारमा न्यूनतम रु ९६ देखि रु ११० सम्म रकम किसानलाई भुक्तानी दिने गरेको जिसीले उल्लेख गरे । घरबाटै बिक्री गरी पर्याप्त मूल्यसमेत पाउने भएकाले व्यवसायमा सोचेभन्दा बढी सफलता पाएको उनको भनाइ छ । 'नजिकैको सहकारीमा बिक्री हुने भएकाले बजारीकरणको समस्या पनि छैन, गुणस्तरका आधारमा मूल्य निर्धारण हुने भएकाले ढुक्क छु', उनले भने ।
जिसीले एकीकृत विकास कार्यालय र गाउँपालिकाको कार्यालय दुवै स्थानमा फार्म दर्ता गरेर सञ्चालन गर्दै आएको जानकारी दिए । गाईवस्तुका लागि दानापानी आफैँ तयार गर्ने, घाँसपराल आफ्नै खेतबारीमा उत्पादन गर्ने भएकाले नियमित खर्चसमेत कम हुने उनको अनुभव छ । जिसीले आफ्नो फार्ममा परिवारका सदस्यले मात्र काम गर्दै आएका बताए । आफू, श्रीमती, छोराछोरीले नियमित रेखदेख गर्ने गरेको बताउँदै उनले हालसम्म बाहिरी कामदार राख्नु नपरेको उल्लेख गरे । भनेजस्तो कमाई भएपछि जिसी हौसिनुभएको छ । उनले यो व्यवसायलाई विस्तार गर्ने योजनासमेत बनाउनुभएको छ । अब गोठ तथा अन्य संरचना विस्तार गरी गाईभैँसीको संख्या २० पु¥याउने योजना रहेको उनले बताए । जिसीले पालिका र जिल्लामा रहेको भेटेरीनरी अस्पतालले प्राविधिक सहयोग गर्दै आएको जानकारी दिए ।
यसबाहेक दूध ढुवानीमा प्रतिलिटर रु पाँच अनुदान पाउने भएपछि किसानलाई थप सहज भएको छ । आफूहरूलाई राज्यलेसमेत प्रोत्साहन गरेकाले यसतर्फ आकर्षण बढेको सञ्चालक जिसीले बताए । उनले आफूजस्तै विदेशमा गएर भौतारिने युवायुवतीलाई स्वदेशमै कृषि तथा पशुपालन गर्न सुझाव दिए । पर्याप्त मात्रामा उत्पादन गर्ने हो भने बजारको अभाव नहुने बताउँदै जिसीले खाडी मुलुकमा पसिना बगाउनुभन्दा आधा कम कमाई भए पनि स्वदेशमै रमाउन आनन्द हुने अनुभव सुनाउनुभयो । फर्से गाउँमा जिसी मात्र नभई अन्य ३५ जना युवाले व्यवसायी गाईभैँसी पालन फार्म सञ्चालन गर्दै आएका छन् ।
यहाँको एउटै गाउँबाट दैनिक ८०० लिटर दूध उत्पादन हुने गरेको जिल्लास्थित भेटेरीनरी अस्पताल तथा पशुसेवा कार्यालयले जानकारी दिएको छ । कार्यालयका प्रमुख सुरेशकुमार श्रेष्ठले किसानलाई प्रोत्साहनका लागि प्रतिलिटर दूध ढुवानीमा रु पाँचका दरले अनुदान दिँदै आएको बताए । यसबाहेक भकारो सुधार, गाईभैँसीलाई बस्ने म्याट खरिद, दूध सङ्कलनका लागि क्यानलगायत सामग्रीसमेत कार्यालयले सहयोग गर्दै आएको उनले बताए । रासस

# किसानलाई गाई स्याहार भत्ता



**गुल्मी ।**
पहिलागाउँघरका प्रत्येक गोठमा देखिने स्थानीय जातका गाई अहिले लोप हुँदै गएका छन् । किसानले व्यावसायिक रूपमा दूध बढी दिने उन्नत जातका गाईपालन गर्न थालेपछि स्थानीय जातका गाई पाल्ने चलन घट्दै गएको हो । स्थानीय जातका गाईपालनमा किसानलाई आकर्षित गराउने उद्देश्यले यहाँको मदाने गाउँपालिका–१ अग्लुङ्गा स्थानीय लहिनो जातका गाई संरक्षणका लागि किसानलाई प्रतिगाई वार्षिक रु दुई हजार स्याहार भत्ता वितरण गर्न सुरु गरिएको छ ।
गाउँघरबाट विस्तारै हराउँदै गएको स्थानीय गाई जोगाउँदै पुनःगाईपालनतर्फ आकर्षित गर्ने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको वडाध्यक्ष सुशील चन्दले बताए । स्थानीय गाई लोप हुँदै गएपछि यसको प्रत्यक्ष असर धार्मिक संस्कारदेखि कृषि क्षेत्रसम्म पर्दै आएको उनको भनाइ छ । पहिला गाउँघरमा मृत्यु संस्कारमा पुरोहितलाई लहिनो गाई दान गर्ने परम्परा थियो । तर अहिले भने पुरोहितले गाई लैजान छाडेसँगै गाईको सट्टामा नगद दिने चलन बढेको वडाध्यक्ष चन्दले जानकारी दिए । धार्मिक कर्मका लागि आवश्यक पर्ने गाईको गोबर र गोमूत्रसमेत खोज्नुपर्ने अवस्था आएको भन्दै उनले गाईपालन व्यवसाय घट्दै जाँदा धार्मिक संस्कार, संस्कृति र परम्परामा प्रत्यक्ष असर पर्दै जान थालेको बताए ।
'पहिला हरेक घरमा गाई पाल्ने प्रचलन थियो, अहिले दिनभरि गाउँमा घुम्दै जाँदा गोठहरू खाली देखिन्छन् । अहिले गाउँघरमा स्थानीय जातका गाई भेटाउन मुस्किल छ, गोबर र गौमूत्र खोज्न टाढा जानुपर्ने बाध्यता छ । वडाले दिएको यो स्याहार भत्ताले गाई जोगाउनका लागि थोरै भए पनि हौसला मिलेको छ', स्थानीय नरबहादुर विष्टले भने । स्थानीय गाई केवल दूधका लागि मात्र नभई गाउँको संस्कृति, धार्मिक आस्था र कृषि प्रणालीसँग जोडिएको जानकारहरू बताउँछन् । अहिले स्थानीयतहले गाई संरक्षण कार्यक्रम अघि बढाउँदा किसान पनि उत्साहित बनेका छन् ।
वडाध्यक्ष चन्दले स्थानीय गाई संरक्षण गर्नुपर्ने पाका पुस्ताको मागअनुसार यस्तो कार्यक्रम सुरु गरिएको बताए । 'गाई हाम्रो मौलिक सम्पत्ति हो, यसको संरक्षणका लागि किसानलाई प्रोत्साहन गर्न स्याहार भत्ता वितरण सुरु गरेका हौँ, आउँदा वर्ष पनि यस कार्यक्रमलाई निरन्तरता दिने हो', उनले भने । स्थानीय गाईको दूध, गोबर र गौमूत्र मानव स्वास्थ्य, जैविकखेती तथा धार्मिक कार्यका दृष्टिले महत्वपूर्ण मानिन्छ । हिन्दू परम्परामा गाईलाई लक्ष्मीको प्रतीकका रूपमा पूजा गर्ने चलने छ । जन्मदेखि मृत्युसम्मका विभिन्न धार्मिक संस्कारमा गाईबाट प्राप्त वस्तुको प्रयोग हुने भएकाले यसको संरक्षण धार्मिक तथा सांस्कृतिक रूपमा पनि उत्तिकै आवश्यक रहेको स्थानीयको भनाइ छ ।
स्थानीयतहले थालेको यो अभियानले किसानलाई आर्थिक प्रोत्साहनसँगै लोप हुँदै जान थालको परम्परा र संस्कृतिको संरक्षण तथा सम्वद्र्धनमा थप टेवा पुग्ने स्थानीय राधा कुँवरले बताए । यसलाई संरक्षण र प्रवद्र्धन गर्न सबैले सहकार्य र समन्वय गर्नुपर्नेमा उनले जोड दिए । रासस

# भेनेजुएलाको भूकम्पमा: १२० जनाको मृत्यु, ५० हजार बेपत्ता



**भेनेजुएला ।**
भेनेजुएलामा आएको दुईवटा शक्तिशाली भूकम्पबाट शुक्रबारसम्म १२० जनाको मृत्यु भएको आधिकारिक पुष्टि गरिएको छ भने हजारौँ मानिस बेपत्ता रहेको रिपोर्ट प्राप्त भएको छ । सहयोगका लागि भेनेजुएला पुगेका अन्तर्राष्ट्रिय उद्धार टोलीहरूले बाँचेकाहरूको खोजी तथा उद्धारका लागि प्रयास तीव्र पारेका छन् ।
काराकासका बासिन्दाहरूले अन्तरिम नेतृ डेल्सी रोड्रिगेजसँग सरकारको तर्फबाट पर्याप्त प्रतिक्रिया नआएको भन्दै आक्रोश जनाएका छन् ।
संयुक्त राष्ट्रसङ्घका सहायता प्रमुख टम फ्लेचरले एएफपीसँग भने, 'गत बुधबार साँझ एक मिनेटको अन्तरमा आएका दुई शक्तिशाली भूकम्पमा परी ५० हजार भन्दा बढी मानिस बेपत्ता छन् ।
यी भूकम्पले देशको उत्तरी भागमा धेरै भवनहरू ध्वस्त पारेका छन् ।' राजधानी काराकास नजिकैको तटीय क्षेत्र ला ग्वाइरा सबैभन्दा बढी प्रभावित भएको छ । बुधबार ७.२ र ७.५ म्याग्निच्युडका दुई ठूला भूकम्पले एकपछि अर्को गर्दै भवनहरूमा क्षति पु¥याएको थियो ।
आन्तरिक मन्त्री डियोस्डाडो काबेल्लोले टेलिभिजन सम्बोधनमा शुक्रबार राति ८ बजेदेखि क्षतिग्रस्त क्षेत्रमा प्रवेश प्रतिबन्धित गरिएको घोषणा गरेको छ ।
चारवटा अग्ला भवन र सयौँ अपार्टमेन्ट रहेको ला ग्वाइराको एउटा आवासीय कम्प्लेक्समा अधिकांश भवनहरू लगभग पूरै ध्वस्त भएका छन् । 'दुखद कुरा, भवन पूर्ण रूपमा भत्किएका छन् र बाँचेकाहरू भेट्टाउने सम्भावना निकै कम छ । अब हाम्रो प्रयास मृतकहरूको शव निकाल्नेमा केन्द्रित हुनेछ,' उद्धार टोली प्रमुख नाडियोमार पोलान्कोले भूकम्प प्रभावित क्षेत्रमा खोजी तथा उद्धार कार्यलाई तीब्रता दिइरहेको बताउँदै भने ।
अन्यत्र भने परिवारका सदस्यहरू, छिमेकीहरू र स्वयंसेवकहरूले आफ्नो खाली हातले बाँचेकाहरूलाई निकाल्ने प्रयास गरिरहेका छन् । उनीहरूले ठूला मेसिनरी सहयोग नभएकोमा दुःख व्यक्त गरेका छन् । 'म मेरो सानो गाएललाई खोजिरहेको छु । ऊ मात्र पाँच महिनाको थियो,' ४० वर्षीया मार्जोस्ली सालाजारले दुःख व्यक्त गर्दै भने । भूकम्पमा परेकी उनकी अर्की १६ वर्षीया छोरी मृत अवस्थामा भेटिएकी थिइन् । सालाजारको छोरा र भतिजी दुवै बेपत्ता छन् ।
उनले भने, 'हामीलाई यहाँ सहयोग चाहिएको छ । स्तम्भहरू उठाउन मेसिनहरू चाहिएका छन् । तर हामीले यहाँ कुनै एक जना पनि सरकारी अधिकारी देखेका छैनौँ ।' काराकासको एक उच्च वर्गीय समुदायको बसोबास रहेको काराकासको छिमेकमा पुग्दा कार्यबाहक राष्ट्रपति रोड्रिगेजविरूद्ध नारा लगाउँदै भग्नावशेषमुनि आफ्ना आफन्तहरू फसेका परिवारका सदस्यहरूको भीडले आक्रोस पोख्यो । 'सरकारले जनताका लागि केही पनि गरिरहेको छैन,' उनीहरूले भग्नावशेष भएको भवन नजिकको घेराबार पछाडिबाट चिच्याउँदै भने । रासस

## फिफा विश्वकप २०२६:

# नर्वेलाई हराउदै फ्रान्स समूह आइको बिजेता



**काठमाडौँ ।**
उसमान डेम्बेको ह्याट्रिकमा फ्रान्सले नर्वेलाई पराजित गर्दै फिफा विश्वकप २०२६ अन्तर्गत समूह आइको विजेता बन्दै नकाउट चरणमा पुगेको छ । अमेरिकाको बोस्ट्न स्टेडियममा सम्पन्न समूहको अन्तिम खेलमा नर्वेलाई ४–१ ले पराजित गर्दै फ्रान्स समूह बिजेता बनेको हो । फ्रान्सको लगातार यो तेस्रो जित हो । फ्रान्सले यसअघि सेनेगलाई ३–१ र इराकलाई ३–० ले पराजित गरेको थियो ।
अठाइस वर्षपछि विश्वकपमा फर्कको नर्वे भने समूह उपविजेता बन्दै नकआउट चरणमा पुगेको छ । खेलमा डेम्बेलेले खेलको पहिलो हाफको ३२आँै मिनेटभित्रै ह्याट्रिक पुरा गरेका थिए । उनले खेलको सातौँ मिनेटमा गोल गर्दै फ्रान्सलाई पहिलो अग्रता दिलाए । त्यसपछि खेलको २०औँ मिनेटमा डेम्बेलेले व्यक्तिगत दोस्रो गोल गर्दै फ्रान्सको अग्रता दोब्बर बनाए । खेलको २१आँै मिनेटमा नर्वेका लागि थेलो आसगार्डले गोल गर्दै खेलमा फर्काउने प्रयास गरे । तर खेलको ३२औँ मिनेटमा डेम्बेलेले गोल गर्दै ह्याट्रिक पूरा गर्दै फ्रान्सलाई ३–१ को अग्रता दिलाए ।
खेलको ५०औँ मिनेटमा नर्वेका योर्गन स्ट्रान्ड लार्सनले पेनाल्टीमा गोल गर्न चुके सकेनन् । त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा फ्रान्सका डिजायर डोएले गोल गरेपछी फ्रान्सले नर्बेमाथी ४–१ को जित निकाल्यो । शनिबार भएको यसै समूहको अर्को खेलमा सेनेगलले इराकलाई ५–० गोलअन्तरको पराजित गर्दै जित हासिल गरेको छ । यससडै समूह आइमा अमेरिकाले नौ अङ्क बटुलेको छ भने नर्बेको ६ अङ्क छ । तेस्तै सेनेगलले तीन अङ्क जोड्दा इराक भने अङ्कबिहीन रहँदै विश्वकपबाट बाहिरियो । रासस

# नवप्रवर्तन र दिगो औद्योगिक विकासमार्फत साना तथा मझौला उद्यमलाई सशक्त बनाउन आह्वान



**काठमाडौं ।**
आज सूक्ष्म, साना तथा मझौला उद्यम दिवस हो । 'नवप्रवर्तन र दिगो औद्योगिक विकासमार्फत सूक्ष्म, साना तथा मझौला उद्यमलाई सशक्त बनाऔँ' नाराका साथ यो दिवस विश्वका विभिन्न देशमा विविध कार्यक्रमका साथ मनाइँदै छ । सूक्ष्म, साना तथा मझौला उद्यम (एमएसएमई) ले दिगो विकास, रोजगारी सिर्जना र समावेशी आर्थिक वृद्धिमा पु¥याएको योगदानबारे चेतना अभिवृद्धि गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घले सन् २०१७ देखि प्रत्येक वर्ष जुन २७ मा यो दिवस मनाउने निर्णय गरेको हो ।
संयुक्त राष्ट्रसङ्घका अनुसार विश्वका ९० प्रतिशतभन्दा बढी व्यवसाय सूक्ष्म, साना तथा मझौला उद्यम हुन् । यिनले विश्वव्यापी रोजगारीको ६० देखि ७० प्रतिशत हिस्सा तथा विश्व कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा करिब ५० प्रतिशत योगदान पु¥याउने गरेका छन् । विशेषगरी महिला, युवा, गरिब तथा अन्य जोखिममा रहेका समुदायका लागि रोजगारी र आयआर्जनको प्रमुख आधारका रूपमा यी उद्यमले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।
संयुक्त राष्ट्रसङ्घले पर्याप्त नीति, लगानी र प्रविधिगत सहयोग उपलब्ध गराउन सके सूक्ष्म, साना तथा मझौला उद्यमले आर्थिक रूपान्तरण, रोजगारी सिर्जना र समतामूलक आर्थिक विकासलाई अझ तीव्र बनाउन सक्ने जनाएको छ । दिगो विकास लक्ष्यअन्तर्गत विशेषगरी लक्ष्य ८ (सभ्य रोजगारी र आर्थिक वृद्धि) तथा लक्ष्य ९ (उद्योग, नवप्रवर्तन र पूर्वाधार) हासिल गर्न यस्ता उद्यमको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरिएको छ । अधिकांश सूक्ष्म, साना तथा मझौला उद्यमले वित्तीय पहुँचको अभाव, कमजोर पूर्वाधार, सीमित बजार, अनौपचारिक व्यवसाय सञ्चालन, सीप र प्रविधिको कमी तथा जटिल नियामकीय प्रक्रियाजस्ता चुनौती सामना गरिरहेका छन् । जलवायु परिवर्तन, भूराजनीतिक तनाव, आपूर्ति श्रृङ्खलामा अवरोध, उत्पादन लागतमा वृद्धि तथा डिजिटल रूपान्तरणको तीव्र गतिले उनीहरूलाई थप चुनौतीपूर्ण अवस्थामा पु¥याएको राष्ट्रसङ्घको भनाइ छ । राष्ट्रसङ्घका अनुसार डिजिटल प्रविधि, कृत्रिम बौद्धिकता, हरित नवप्रवर्तन तथा दिगो औद्योगिकीकरणले भने सूक्ष्म, साना तथा मझौला उद्यमका लागि उत्पादनशीलता वृद्धि, नयाँ बजारमा पहुँच विस्तार, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि तथा दिगो औद्योगिक विकासका नयाँ अवसर सिर्जना गरेका छन् । यी अवसरबाट उद्यमहरू लाभान्वित हुन लक्षित लगानी, सहायक नीतिगत व्यवस्था, सुलभ वित्तीय पहुँच तथा सरकारी, निजी क्षेत्र र विकास साझेदारबीचको सहकार्य सुदृढ गर्नुपर्नेमा जोड दिइएको छ ।
राष्ट्रसङ्घले व्यवसाय दर्ता प्रक्रिया सरल बनाउने, सहुलियतपूर्ण वित्तीय पहुँच विस्तार गर्ने, सीप विकास र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने तथा डिजिटल पूर्वाधार सुदृढ गर्ने नीतिले सूक्ष्म, साना तथा मझौला उद्यमलाई थप सक्षम बनाउने उल्लेख गरेको छ । यस्ता उद्यमको सशक्तीकरणले समावेशी आर्थिक वृद्धि, रोजगारी विस्तार, औद्योगिक विकास र दिगो विकास लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास राष्ट्रसङ्घको छ । रासस

# काठमाडौँमा बर्डफ्लु बढ्दै: एघार जिल्लाका ८२ स्थानमा सङ्क्रमण पुष्टि



**ललितपुर ।**
काठमाडौँ उपत्यकामा पछिल्लो तीन महिनायता देखिएको बर्डफ्लु (एच–फाइभ एन–वान) सङ्क्रमण हाल तीव्र रूपमा फैलिन थालेको छ । पशुसेवा विभागका अनुसार हालसम्म ११ जिल्लाका ८२ स्थानमा सङ्क्रमण पुष्टि भइसकेको छ भने रोग नियन्त्रणका लागि प्रभावित क्षेत्रमा विशेष सतर्कता अपनाइएको छ । विसं २०८२ चैत ४ गते मोरङमा पहिलोपटक बर्डफ्लु पुष्टि भएपछि झापा, सुनसरी, महोत्तरी, बारा, चितवन, नवलपरासी, काठमाडौँ, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोकसम्म सङ्क्रमण फैलिएको हो ।

पशुसेवा विभागका महानिर्देशक डा उमेश दाहालका अनुसार सङ्क्रमण नियन्त्रणका क्रममा हालसम्म पाँच लाख ६९ हजार ८५८ वटा पक्षी नष्ट गरिएको छ । त्यस्तै नौ लाख ८९ हजार ३१३ वटा अण्डा र एक हजार ९५४ दशमलव ८५ क्विन्टल दाना पनि नष्ट गरिएको उनले जानकारी दिए । रोग नियन्त्रणका लागि पशुसेवा विभागले उपमहानिर्देशकको नेतृत्वमा 'बर्डफ्लु रोग नियन्त्रण कक्ष' स्थापना गरी सङ्घ, प्रदेश र स्थानीय तहसँग समन्वय गर्दै प्रभावित क्षेत्रमा प्राविधिक टोली परिचालनसमेत गरेको छ ।

विभागका अनुसार हालसम्म कोशी प्रदेशका झापा, मोरङ र सुनसरीसँगै बारा, महोत्तरी, चितवन र नवलपरासीमा सङ्क्रमण नियन्त्रणमा आइसकेको छ । तर काठमाडौँ, ललितपुर, भक्तपुर तथा काभ्रेपलाञ्चोकका केही क्षेत्रमा सङ्क्रमण अझै देखिइरहेकाले विशेष निगरानी बढाइएको महानिर्देशक डा दाहालले जानकारी दिए । सङ्क्रमित भाइरसमा कुनै आनुवंशिक परिवर्तन (म्युटेसन) भएको छ वा छैन भन्ने यकीन गर्न राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सहकार्यमा भाइरसको जिन अनुक्रमण प्रक्रिया पनि सुरु गरिएको विभागले जनाएको छ ।

विभागले पन्छीपालक किसानलाई फार्ममा जैविक सुरक्षा (बायोसेक्युरिटी) का मापदण्ड कडाइका साथ पालना गर्न, पुराना अण्डाका क्रेट पुनःप्रयोग नगर्न, ढुवानीका साधन पूर्ण रूपमा निसङ्क्रमण गरेर मात्र फार्मभित्र प्रवेश गराउन तथा जङ्गली पन्छीसँग घरपालुवा पन्छीको सम्पर्क हुन नदिन आग्रह गरेको छ । यसैगरी, पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्य रूपमा भेटेरिनरी प्रमाणपत्र लिन, नियमित खोप लगाउन तथा कुनै फार्ममा अस्वाभाविक रूपमा धेरै पन्छी बिरामी वा मरेको देखिए तत्काल नजिकको पशुसेवा कार्यालयमा जानकारी गराउन विभागले अनुरोध गरेको छ । रासस

# नेपाली स्रष्टाका स्वर लाइब्रेरी अफ कङ्ग्रेसको स्थायी अभिलेखमा

**काठमाडौं ।**
नेपाली, नेपालभाषा र मैथिली भाषाका एक दर्जनभन्दा बढी नेपाली स्रष्टाले आफ्नै स्वरमा वाचन गरेका रचनाका अंश लाइब्रेरी अफ कङ्ग्रेसको स्थायी डिजिटल अभिलेखमा समावेश भएका छन् । यससँगै यो ध्वनि अभिलेख विश्वभरका पाठक, अध्येता र अनुसन्धानकर्ताका लागि खुला भएका छन् । दक्षिण एसियाली साहित्यिक ध्वनि अभिलेख परियोजनाअन्तर्गत ती ध्वनि सामग्री हालै नयाँ डिजिटल स्वरूपमा सार्वजनिक गरिएको हो । एक वर्ष लामो पुनर्संरचना तथा अनलाइन प्रस्तुतीकरण परियोजनापछि लाइब्रेरी अफ कङ्ग्रेसले ती अभिलेखलाई विश्वव्यापी अध्ययन र अनुसन्धानका लागि सहज पहुँचमा ल्याएको जनाएको छ ।



लाइब्रेरी अफ कङ्ग्रेसले यसअघि सन् २००४ मा माधव घिमिरे, मोहन कोइराला, मदनमणि दीक्षित, ध्रुवचन्द्र गौतम, बानीरा गिरि, भुवन ढुङ्गाना र दिनेश अधिकारीका आफ्नै स्वरमा वाचन गरिएका रचनाहरू सङ्कलन गरेको थियो । पछिल्लो परियोजनाले त्यस परम्परालाई विस्तार गर्दै समकालीन नेपाली, नेपालभाषा र मैथिली साहित्यका स्रष्टाका स्वरलाई पनि अन्तरराष्ट्रिय साहित्यिक अभिलेखमा समेटेको हो । नयाँ सङ्ग्रहमा अभि सुवेदी, अशेष मल्ल, कालीप्रसाद रिजाल, कृसु क्षेत्री, नारायण ढकाल, प्रतिसरा सायमी, भुवनहरि सिग्देल, मनु मञ्जिल, माया ठकुरी, मोमिला, राजेन्द्र विमल, शारदा शर्मा, श्रवण मुकारुङ, सरुभक्त, धीरेन्द्र प्रेमर्षी र ज्ञानुवाकर पौडेललगायतका स्रष्टाले आफ्नै स्वरमा वाचन गरेका रचनाका अंश समावेश छन् ।

साहित्यकार कृसु क्षेत्रीका अनुसार यी ध्वनि अभिलेखले सिर्जनालाई मात्र नभई स्रष्टाको उच्चारण, लय, भावप्रवाह र भाषिक संस्कृतिलाई समेत भावी पुस्ताका लागि सुरक्षित गरेका छन् । बङ्गलादेश, भारत, नेपाल, पाकिस्तान र श्रीलङ्काका २० भाषामा सिर्जना गर्ने एक सयभन्दा बढी प्रतिष्ठित लेखकको सहभागिता रहेको एसएएलआरपी दक्षिण एसियाली साहित्यिक ध्वनि सम्पदाको एक महत्वपूर्ण परियोजना हो । उपन्यास, कथा, नाटक, कविता र निबन्धलगायत विविध विधाका रचनालाई समेट्ने यस सङ्ग्रहले क्षेत्र, भाषा, शैली र विषयवस्तुको विविधतालाई एउटै अभिलेखमा समेटेको छ ।

सन् २००२ मा सुरु भएको एसएएलआरपीअन्तर्गत ध्वनि अभिलेखसँगै लेखकका तस्बिर र सङ्क्षिप्त जीवनी पनि उपलब्ध छन् । यी सामग्रीहरू 'साउथ एसियन डिजिटल कलेक्सन' मार्फत विश्वव्यापी अध्ययन र अनुसन्धानका लागि खुला गरिएको छ । साहित्यकार क्षेत्रीले यस नयाँ डिजिटल प्रस्तुतीकरणले नेपाली, नेपालभाषा र मैथिली साहित्यका सशक्त स्वरलाई अन्तरराष्ट्रिय साहित्यिक समुदायसँग जोड्ने महत्वपूर्ण सेतु निर्माण गरेको बताए ।

उनका अनुसार एसएएलआरपी ध्वनि अभिलेखको सङ्ग्रह मात्र नभई बीसौँ र एक्काइसौँ शताब्दीको दक्षिण एसियाली साहित्यिक चेतना, सांस्कृतिक स्मृति र सिर्जनात्मक उत्तराधिकारलाई संरक्षण गर्ने महत्वपूर्ण दस्तावेजका रूपमा स्थापित भएको छ । रासस

# 'एक सामुदायिक वन–एक संरक्षण पोखरी' कार्यक्रम



**भोजपुर ।**
भोजपुरमा वन संरक्षण, जैविक विविधता प्रवद्र्धन तथा वातावरणीय सन्तुलन कायम गर्ने उद्देश्यले 'एक सामुदायिक वन–एक संरक्षण पोखरी' कार्यक्रम सञ्चालनमा ल्याएको छ । डिभिजन वन कार्यालय भोजपुरको पहलमा सञ्चालित यस कार्यक्रम अन्तर्गत जिल्लाका चार वटा सामुदायिक वन क्षेत्रमा संरक्षण पोखरी निर्माण गरिएको हो । डिभिजन वन कार्यालय भोजपुरका प्रमुख खुद्रुस मियाले आहाले सामुदायिक वन, ढोडे बैखाके सामुदायिक वन, भद्रासे चारे भिर सामुदायिक वन र हर्कटे आमलाला सामुदायिक वनमा संरक्षण पोखरी निर्माण सम्पन्न गरिएको जानकारी दिए । भौगोलिक रूपमा पानीको अभाव हुने र गर्मी याममा सुक्खा हुने यी क्षेत्रमा निर्माण गरिएका पोखरीले वन्यजन्तुका लागि स्थायी पानीको स्रोतको रूपमा काम गर्ने उनको भनाइ छ ।

'सामुदायिक वनमा पोखरी निर्माणकार्यक्रम सञ्चालन गरेका छौँ,' प्रमुख मियाले भने, 'हालसम्म चार वटा वनमा पोखरी निर्माण सम्पन्न गरेका छौँ । भावी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने लक्ष्य छ ।'

उनका अनुसार पछिल्लो समय जलवायु परिवर्तनका कारण वर्षा प्रणालीमा आएको असन्तुलनले वन क्षेत्रमा पानीको अभाव बढ्दै गएको छ । यस्तो अवस्थामा संरक्षण पोखरी निर्माणले वन्यजन्तु, वनस्पति तथा समग्र पारिस्थितिक प्रणालीलाई जोगाउन महत्वपूर्ण भूमिका खेल्ने उनको भनाइ छ । "वन संरक्षणको दायरा केवल रूख संरक्षणमा सीमित छैन,' उनले भने, 'पानी, माटो र जैविक विविधताको सन्तुलन कायम गर्नु पनि उत्तिकै आवश्यक छ ।'

वन अधिकृत नर मुहमत मियाले संरक्षण पोखरी निर्माणको बहुआयामिक महत्व रहेको बताए । वन्यजन्तुका लागि पानीको सुनिश्चिततासँगै यी पोखरी वन डढेलो नियन्त्रणमा पनि प्रभावकारी बन्ने उनको भनाइ छ । 'डढेलोको समयमा तत्काल पानी उपलब्ध हुँदा आगलागी नियन्त्रण गर्न सहज हुन्छ,' उनले भने, 'यसले वन क्षति न्यूनिकरण गर्न प्रत्यक्ष योगदान दिन्छ । साथै, वन क्षेत्रमा आपतकालीन स्रोतको रूपमा पनि यसको उपयोग गर्न सकिन्छ ।'

त्यसैगरी, संरक्षण पोखरीले भूमिगत पानी पुनर्भरण (रिचार्ज) मासमेत सहयोग पु¥याउने जनाइएको छ । वर्षायाममा सङ्कलित पानी पोखरीमा सञ्चित भई बिस्तारै जमिनमा सोसिने हुँदा आसपासका क्षेत्रको जलस्तर कायम राख्न मद्दत पुग्ने कार्यालयकोभ भनाइ छ । यसले दीर्घकालीन रूपमा स्थानीय कृषिमासमेत सकारात्मक प्रभाव पार्ने सरोकारवाला बताउँछन् । विशेषगरी वर्षामा सञ्चित पानी सुक्खा याममा उपयोगी हुने भएकाले कृषिमा निर्भर स्थानीय समुदायलाई अप्रत्यक्ष लाभ पुग्ने देखिएको छ ।

आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारबाट प्राप्त १० लाख रुपैयाँ बजेटबाट चार वटा रिचार्ज पोखरी निर्माण गरिएको कार्यालयले जनाएको छ । कार्यालयले आगामी दिनमा यस्ता कार्यक्रमलाई अझ विस्तार गर्ने योजना बनाएको छ । सामुदायिक वन उपभोक्ता समूहको सक्रिय सहभागिताले निर्माणकार्यलाई सहज बनाएको कार्यालयको भनाइ छ । स्थानीयबासी रामकुमार राईले संरक्षण पोखरी निर्माणले समुदायमा सकारात्मक परिवर्तन ल्याएको बताए । 'पहिले गर्मी याममा वन एकदम सुक्खा हुन्थ्यो,' उनले भने, 'पानीको अभावले वन्यजन्तु गाउँतिर आउने र मानव–वन्यजन्तु द्वन्द्व बढ्ने समस्या थियो । पोखरी निर्माणले त्यो समस्या समाधानमा सहयोग पुग्ने हाम्रो अपेक्षा छ ।'

यस्ता साना तर प्रभावकारी पूर्वाधारले दीर्घकालीन रूपमा ठूलो वातावरणीय लाभ दिने सरोकारवालाहरूको भनाइ छ । विशेषगरी पहाडी भू–भागमा पानीको स्रोत व्यवस्थापन चुनौतीपूर्ण हुने भएकाले संरक्षण पोखरीजस्ता संरचना अत्यन्तै उपयोगी मानिन्छन् । डिभिजन वन कार्यालय, स्थानीय तह र सामुदायिक वन उपभोक्ता समूहबीचको सहकार्यमा अघि बढाइएको यो कार्यक्रम भोजपुरमा वन संरक्षणको एक सफल अभ्यासका रूपमा स्थापित हुँदै गएको छ । आगामी दिनमा जिल्लाका अन्य सामुदायिक वन क्षेत्रमासमेत यस्ता कार्यक्रम विस्तार गर्ने लक्ष्य लिइएको कार्यालयले जनाएको छ । पोखरी निर्माणले दीगो विकास र वातावरण संरक्षणबीच सन्तुलन कायम गर्दै वन क्षेत्रलाई हरित बनाउने आधार तयार पार्ने स्थानीय जानकारहरुको भनाइ छ । रासस

# राप्ती नदीमा निर्माणाधीन पुलको ७५ प्रतिशत काम पूरा



**नेपालगन्ज ।**
बाँकेको डुडुवा र राप्तीसोनारी गाउँपालिका जोड्ने राप्ती नदीमाथि निर्माणाधीन पक्की पुलको ७५ प्रतिशत काम सकिएको छ । पुलका हालसम्म भौतिक र वित्तीय दुवैतर्फ करिब ७५ प्रतिशत प्रगति भएको हुलाकी राजमार्ग निर्देशनालय आयोजना कार्यालय नेपालगन्जले जनाएको छ । कार्यालयका प्रमुख लीलाबहादुर भण्डारीले पुल निर्माण स्वीकृत ढाँचा (डिजाइन) अनुसार भइरहेको उल्लेख गर्दै हालसम्म भौतिक र वित्तीय दुवैतर्फ करिब ७५ प्रतिशत प्रगति भएको जानकारी दिए । उनले प्राविधिक अध्ययन र डिजाइनका आधारमा ७०० मिटरको पुल बनिरहेको जानकारी दिँदै स्थानीय जनताले थप ४४० मिटर पुल निर्माण गर्न माग गरेका बताए ।

राप्तीसोनारी गाउँपालिका–६ का वडाध्यक्ष लवराज खरेलले थप ४४० मिटर पुल निर्माण भए यहाँको विकासमा ठूलो टेवा पुग्ने विश्वास व्यक्त गर्दै कृषि उपजको बजारीकरणसहित आवागमन सहज हुने बताए । उनले विसं २०७४ को बाढीले यहाँका खला, टेपरी, ढलैयालगायत क्षेत्रमा क्षति पु¥याएपछि स्थानीयको जनजीवन कष्टकर भएको उल्लेख गर्दै नदीको दुवैतर्फ तटबन्ध भएपछि पूरा क्षेत्रमा पुल बन्नुपर्ने तर्क गरे । वडाध्यक्ष खरेलले भने, 'यहाँको वास्तविक अवस्था र भूगोल हेरेर काम हुनुपर्छ ।'

डुडुवा गाउँपालिकाका–५ का वडाध्यक्ष झङ्कबहादुर थापाले थप संरचना निर्माण नभए अहिले बनिरहेको पुलको औचित्य नरहने उल्लेख गरे । पुल निर्माण विस्तार नभए बालापुर, कम्दी, सिधनियाघाट क्षेत्र डुबानमा पर्ने जोखिम रहेको जानकारी दिँदै उनले जनताको मागअनुसार एक हजार १४० मिटरको पुल निर्माण गर्न सरकारसँग माग गरे । लुम्बिनी प्रदेशसभाका पूर्वमन्त्री कृष्णा केसीले जनताको असन्तुष्टिलाई सम्बोधन गरेर पुल निर्माण सम्पन्न गर्न सरोकार भएका निकायलाई आग्रह गरे । हुलाकी सडक पछिल्लो समय नेपालगन्जबाट बुटवल हुँदै पूर्वतर्फ जानका लागि वैकल्पिक मार्गका रूपमा प्रयोग भइरहेकाले एक हजार १४० मिटर फराकिलो पुल निर्माण सम्पन्न भएपछि सहज हुने उनको भनाइ छ । साँघुरो पुल भएकाले हाल सवारीसाधनले पालो कुरेर पुल पार गर्नुपर्ने बाध्यता छ ।

हाल रहेको करिब ३५० मिटर लामो पुल नजिकै अर्को निर्माण भइरहेको छ । स्थानीयले पुलको लम्बाई ४४० मिटर थप गरी एक हजार १४० मिटर पु¥याउन माग गरेपछि आयोजना कार्यालयले निर्देशनालयमा लिखित अनुरोधसहितको पत्र पठाइएको जनाएको छ । यसैबीच, आयोजनाका निर्देशकसहितको उच्चस्तरीय टोलीले पुल निर्माणस्थलबाट स्थलगत जानकारी लिएर फर्किए पनि नतिजा नआएको स्थानीयले बताएका छन् । स्थानीयले पुल निर्माणका क्रममा अधुरो काम नगर्न दबाब दिँदै बाँकी क्षेत्रमा बाँध बनाउने कार्य अस्वीकार गरेका छन् । 'हामीलाई बाँध होइन, पुल चाहिएको हो, हाम्रो लालपुर्जा भएको जमिनमा राप्ती बगेको छ, खाली जमिनमा बाँध बाँधिएपछि हाम्रो पेट कसरी पाल्ने हो', राप्तीसोनारी–६ का स्थानीय प्रमोदकुमार सोनकरले भने । सरकारले पुलको लम्बाइ बढाउनुपर्ने माग राख्दै उनले बाँकी क्षेत्रमा बाँध बनाउन नहुने धारणा राखे ।

आयोजना प्रमुख भण्डारीले जनताका तर्फबाट राखिएका माग केन्द्रसम्म पु¥याइएको बताए । ठेक्का सम्झौताअनुसार निर्धारित समयभित्र निर्माण सम्पन्न हुनेगरी काम तीव्र गतिमा भइरहेको जानकारी दिँदै उनले प्राविधिक रूपमा पुलको 'डिजाइन'मा कुनै समस्या नभएको उल्लेख गरे । डिजाइनअनुसार ७०० मिटर पुल, एक हजार ४८० मिटर 'एप्रोच' सडक र चार किलोमिटर नदी नियन्त्रणको काम एकसाथ सम्पन्न हुने आयोजना कार्यालयले जनाएको छ । विसं २०८४ असारमा सकिने गरी निर्माणाधीन सो पुलको लागत रु ११९ करोड रहेको छ । रासस

## कालिकामाई–२ मा ‘असारे बजेट’मा ब्रह्मलुटः

# करोडौं बजेटमा व्यापक अनियमितताको आरोप !




**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको कालिकामाई गाउँपालिका–२, भेडिहारीमा चालु आर्थिक वर्षको असारे बजेट कार्यान्वयनका क्रममा व्यापक अनियमितता, नक्कली बिल–भरपाई, कामै नगरी बजेट निकासा तथा सार्वजनिक रकम दुरुपयोग भएको भन्दै स्थानीयले गम्भीर आरोप लगाएका छन्। स्थानीयका अनुसार वडा नम्बर २ मा करिब एक करोड रुपैयाँ बराबरका विभिन्न योजनामध्ये आधाभन्दा बढी रकम अनियमित रूपमा खर्च भएको आशंका गरिएको छ। स्थानीय स्रोतका अनुसार एउटै योजनामा गाउँपालिकादेखि प्रदेश तहसम्म दोहोरो बजेट राख्ने, काम नगरी पुराना फोटो र नक्कली बिल–भरपाईका आधारमा रकम निकासा गर्ने तथा कागजी रूपमा मात्र योजना सम्पन्न देखाएर सरकारी रकम हिनामिना गर्ने कार्य भएको दाबी गरिएको छ।

सबैभन्दा गम्भीर आरोप श्री रामजानकी मन्दिरको रंगरोगन योजनामा लागेको छ। स्थानीयका अनुसार मन्दिरमा उल्लेखनीय काम नै नगरी बजेट निकासा गरिएको छ। त्यस्तै श्री कालिका कन्या माध्यमिक विद्यालयमा शिक्षक तथा व्यवस्थापन खर्चका नाममा अनियमितता भएको आरोप पनि उठेको छ। स्रोतका अनुसार विद्यालयमा शिक्षक भर्नादेखि तलब भुक्तानीसम्म वडा अध्यक्षको हस्तक्षेप हुने गरेको, तलब निकासा भएपछि निश्चित रकम फिर्ता दिन शिक्षकहरूलाई दबाब दिइने गरेको तथा असहयोग गरे जागिरबाट हटाइदिने धम्कीसमेत दिइने गरेको दाबी गरिएको छ। विद्यालय व्यवस्थापन खर्चका नाममा प्रधानाध्यापकबाट व्यक्तिगत चेक लिई पछि रकम निकालेर दुरुपयोग गर्ने गरिएको आरोप पनि स्थानीयले लगाएका छन्।

वडास्थित स्वास्थ्यचौकीमा बर्थिङ सेन्टर सञ्चालनमै नरहेपनि त्यसकै नाममा करिब ८ लाख रुपैयाँ बराबरको खर्च देखाई नक्कली बिल–भरपाई तयार पारिएको आरोप छ। कृषि क्षेत्रमा विनियोजित ५ लाख रुपैयाँ बराबरको तालिम कार्यक्रम पनि कागजमै सीमित रहेको स्थानीयको भनाइ छ। उनीहरूका अनुसार वास्तविक रूपमा तालिम सञ्चालन नगरी पुराना तस्वीर र नक्कली कागजातका आधारमा बजेट निकासा गरिएको छ। स्प्रे ट्यांकी वितरण कार्यक्रममा समेत विगत आर्थिक वर्षका नागरिकता र भरपाई पुनः प्रयोग गरी वितरण भएको देखाइएको दाबी गरिएको छ।

सार्वजनिक सडक किनारमा वृक्षारोपण नै नगरी रकम निकासा गरिएको, छठघाट व्यवस्थापन, बिजुली मर्मत, वडा कार्यालय व्यवस्थापन, निःशुल्क स्वास्थ्य शिविर, साइकल वितरण लगायतका शीर्षकमा पनि लाखौं रुपैयाँ दुरुपयोग भएको स्थानीयको आरोप छ। स्वास्थ्य शिविरमा औषधि वितरण वा प्रभावकारी उपचार सेवा नदिई सामान्य स्वास्थ्य परीक्षण र खानपान गराएर ५ लाख रुपैयाँ बराबरको खर्च देखाइएको दाबी गरिएको छ। विद्यालय कर्मचारी तलब तथा व्यवस्थापन खर्चमा समेत एउटै प्रकृतिको बजेट विभिन्न शीर्षकमा टुक्र्याएर राखिएको र त्यसबाट अनियमित रूपमा रकम निकासा गरिएको स्थानीयको आरोप छ।

स्थानीय स्रोतका अनुसार वडाध्यक्ष सोनालाल चौरसियाले कर्मचारीमाथि दबाब दिई आफूअनुकूल काम गराउने गरेको तथा पालिका स्तरको अनुगमन समितिले समेत वास्तविक स्थलगत निरीक्षण नगरी कागजी रूपमा मात्र प्रतिवेदनमा हस्ताक्षर गरेर रकम निकासा गराउन सहयोग गरेको दाबी गरिएको छ। पालिकाभित्र जनप्रतिनिधिहरूले योजनाको बाँडफाँड आफैंबीच गरी आफ्ना निकट व्यक्तिलाई उपभोक्ता समिति बनाउने र एकअर्काको योजनामा विरोध नगर्ने सहमति जस्तै अवस्था रहेको आरोप पनि स्थानीयले लगाएका छन्। केही कर्मचारीले समेत नाम नखुलाउने सर्तमा आफूहरू दबाबमा काम गर्न बाध्य भएको र रकम निकासाको क्रममा निश्चित प्रतिशत असुल्ने चलन रहेको दाबी गरेका छन्।

स्थानीयवासीले वडा नम्बर २ अन्तर्गत सञ्चालित सबै योजनाको फाइल, बिल–भरपाई, अनुगमन प्रतिवेदन तथा भुक्तानी प्रक्रियामाथि सम्बन्धित निकायबाट निष्पक्ष छानबिन भए ठूलो परिमाणमा भएको भनिएको अनियमितता बाहिर आउने र दुरुपयोग भएको सरकारी रकम असुलउपर हुन सक्ने विश्वास व्यक्त गरेका छन्।

# खर्च नियन्त्रणसम्बन्धी अर्थ मन्त्रालयको निर्णय खारेज



मधेशदृष्टि
जनकपुरधाम।
मधेश प्रदेश सरकारले खर्च नियन्त्रण र वित्तीय अनुशासन कायम गर्न अर्थ मन्त्रालयले अघि सारेको निर्णय खारेज गरेको छ। प्रदेशको मन्त्रिपरिषद् बैठकले अर्थ मन्त्रालयको जेठ २६ गतेको निर्णय बदर गर्ने एकमात्र निर्णय गरेको हो।

गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोका अनुसार मन्त्रिपरिषद् बैठकले अर्थ मन्त्रालयले मन्त्रीस्तरबाट गरेको खर्च नियन्त्रणसम्बन्धी निर्णय लागू नहुने गरी खारेज गरेको छ।

सत्ता गठबन्धन परिवर्तनपछि अर्थमन्त्री बनेका युवराज भट्टराईले प्रदेशको खर्च व्यवस्थापनमा कडाइ ल्याउने उद्देश्यले गत जेठ २६ गतेमा विभिन्न शीर्षकका खर्चमा नियन्त्रण गर्ने निर्णय गरेका थिए। सो निर्णयअनुसार १० लाख रुपैयाँसम्मका साना योजनाहरू कार्यान्वयन नगर्ने, २५ जेठसम्म सम्झौता भएका योजनाको मात्रै भुक्तानी गर्ने तथा त्यसपछिका योजनाको भुक्तानी रोक्ने व्यवस्था गरिएको थियो। उक्त निर्णय कार्यान्वयनका लागि सबै मन्त्रालय, सचिवालय, आयोग तथा मातहतका निकायलाई परिपत्रसमेत गरिएको थियो।

निर्णयमा कार्यालय सञ्चालनसम्बन्धी खर्चमा पनि व्यापक कटौती गरिएको थियो। कार्यालय सामग्री तथा मसलन्द खरिदतर्फ बाँकी बजेटको ३० प्रतिशत खर्च कटौती गरिएको थियो भने इन्धन, सवारीसाधन तथा मेसिनरी मर्मत, छपाइ, सूचना प्रकाशन, तालिम, गोष्ठी, परामर्श, विज्ञापन, भ्रमणलगायत सञ्चालन खर्चका शीर्षकमा बाँकी बजेटको ५० प्रतिशत रकम रोक्का राख्ने व्यवस्था गरिएको थियो।

त्यस्तै सवारीसाधन तथा मेसिनरी खरिद, वन तथा वातावरण संरक्षण, भौतिक संरचना निर्माण, सूचना प्रणाली तथा सफ्टवेयर विकास, विभिन्न संस्थालाई अनुदान, पशुपन्छी तथा बागवानी विकास र विद्युत् संरचना निर्माणलगायत शीर्षकमा खर्च हुन बाँकी सम्पूर्ण बजेट रोक्का गर्ने निर्देशन पनि अर्थ मन्त्रालयले दिएको थियो।

अर्थ मन्त्रालयले यी निर्णयहरू अनावश्यक खर्च नियन्त्रण, वित्तीय अनुशासन कायम तथा सीमित स्रोतको प्रभावकारी उपयोगका लागि गरिएको जनाएको थियो। तर निर्णय सार्वजनिक भएपछि सरकारभित्रै असन्तुष्टि बढेको थियो। मुख्यमन्त्री कृष्णप्रसाद यादवसहित केही मन्त्रीहरूले निर्णयप्रति असहमति जनाएका थिए भने कर्मचारीहरूले नियमित प्रशासनिक कामसमेत प्रभावित भएको गुनासो गरेका थिए।

विशेषगरी १० लाख रुपैयाँसम्मका साना विकास योजनामा रोक लगाइएपछि स्थानीय तहमा सञ्चालन भइरहेका विकास निर्माणका काम प्रभावित भएको भन्दै जनप्रतिनिधि र सरोकारवालाले विरोध जनाएका थिए।

मन्त्रिपरिषद्को पछिल्लो निर्णयसँगै खर्च नियन्त्रणसम्बन्धी सबै व्यवस्था तत्कालका लागि निष्क्रिय बनेको छ। यससँगै रोकिएका योजना, तालिम, गोष्ठी, भ्रमण, परामर्श तथा अन्य सञ्चालन खर्चका कार्यक्रम पुनः अघि बढ्ने बाटो खुलेको छ।

यद्यपि खर्च नियन्त्रण र वित्तीय अनुशासन कायम गर्ने प्रयास नै खारेज भएपछि प्रदेश सरकारको खर्च व्यवस्थापन, मितव्ययिता र पारदर्शिताबारे पुनः बहस सुरु हुने देखिएको छ।

# रसिक निवासको जग्गाको वास्तविक विवरण सार्वजनिक गर्न माग

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिका–८ मा रहेको ऐतिहासिक तथा धार्मिक महत्वको रसिक निवास (पिठ) को नाममा रहेका जग्गाको वास्तविक अवस्था सार्वजनिक गर्न स्थानीयले माग गरेका छन्। पिठको स्वामित्वमा रहेको सम्पत्तिको संरक्षण, व्यवस्थापन र पारदर्शिताका लागि सम्पूर्ण विवरण सार्वजनिक गर्नुपर्ने उनीहरूको भनाइ छ।

स्थानीयवासीले वडा नम्बर–८ का अध्यक्ष दिनेश सिंहलाई सम्बोधन गर्दै पिठको स्वामित्वमा रहेका सम्पूर्ण जग्गाको अद्यावधिक विवरण सार्वजनिक गर्न लिखित रूपमा आग्रह गरेका छन्। उनीहरूले जग्गाको क्षेत्रफल, हालको अवस्था, भोगचलन, अतिक्रमण भए–नभएको तथा त्यसबाट हुने आय–व्ययको विवरण सर्वसाधारणका लागि खुला गर्नुपर्ने माग गरेका छन्।

स्थानीयका अनुसार रसिक निवासको सम्पत्तिसम्बन्धी स्पष्ट अभिलेख सार्वजनिक नभएकाले विभिन्न आशंका र अन्योल सिर्जना भएको छ। धार्मिक तथा सार्वजनिक सम्पत्तिको व्यवस्थापन पारदर्शी हुनुपर्ने भएकाले नागरिकलाई त्यससम्बन्धी जानकारी पाउने अधिकार सुनिश्चित गर्नुपर्ने उनीहरूको भनाइ छ।

स्थानीय समाजसेवीहरूले धार्मिक तथा सांस्कृतिक सम्पदासँग जोडिएका जग्गाको संरक्षण प्रभावकारी बनाउन सबैभन्दा पहिले त्यसको वास्तविक अवस्था सार्वजनिक गर्नुपर्नेमा जोड दिएका छन्। उनीहरूका अनुसार जग्गाको अभिलेख, नक्सा, क्षेत्रफल, भोगाधिकार र वर्तमान उपयोगबारे स्पष्ट जानकारी सार्वजनिक भए सम्भावित विवाद तथा भ्रमसमेत हट्नेछ।

स्थानीयले वडा कार्यालयमार्फत सम्बन्धित निकायसँग समन्वय गरी रसिक निवास (पिठ) को नाममा रहेका सम्पूर्ण जग्गाको विवरण सार्वजनिक गर्न, आवश्यक परे स्थलगत अनुगमन गर्न तथा सार्वजनिक सुनुवाइ आयोजना गर्न पनि माग गरेका छन्।

यस विषयमा जनकपुरधाम उपमहानगरपालिका–८ को वडा कार्यालयले भने हालसम्म कुनै औपचारिक प्रतिक्रिया दिएको छैन। यद्यपि स्थानीयवासीले सार्वजनिक तथा धार्मिक सम्पत्तिको संरक्षण, सदुपयोग र पारदर्शी व्यवस्थापन सुनिश्चित गर्न सम्बन्धित निकायले यथाशीघ्र तथ्यगत विवरण सार्वजनिक गर्नुपर्नेमा जोड दिएका छन्।




## मधेशमा ४.३६ प्रतिशत रोपाइँ

# महोत्तरीमा सबैभन्दा बढी

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा यस वर्षको धान रोपाइँ क्रमशः तीव्र बन्दै गएको छ। हालसम्म प्रदेशभर खेतीयोग्य कुल धान क्षेत्रफलको ४.३६ प्रतिशतमा रोपाइँ सम्पन्न भएको कृषि विकास निर्देशनालयले जनाएको छ।

निर्देशनालयका अनुसार प्रदेशका आठ जिल्लामा कुल ३ लाख ८२ हजार ४३३ हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ। बिहीबारसम्म १६ हजार ७११ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भइसकेको छ।

कृषि विकास निर्देशनालयका सूचना अधिकारी तथा बाली संरक्षण अधिकृत सुदीप चौधरीका अनुसार हाल रौतहट र पर्साबाहेक अन्य जिल्लामा धान रोपाइँ सुरु भइसकेको छ। हालसम्मको प्रगतिको आधारमा महोत्तरी रोपाइँको हिसाबले प्रदेशमै अग्रस्थानमा रहेको छ।

महोत्तरीमा ४० हजार हेक्टर क्षेत्रफलमध्ये ३ हजार २६६ हेक्टर अर्थात् ८.१७ प्रतिशतमा धान रोपाइँ सम्पन्न भएको छ।

धनुषामा ४३ हजार ७ सय हेक्टरमध्ये ३ हजार ५९ हेक्टर (७ प्रतिशत) क्षेत्रफलमा रोपाइँ गरिएको छ भने बारामा पनि ४५ हजार १ सय हेक्टरमध्ये करिब ३ हजार २५० हेक्टर (७ प्रतिशत) क्षेत्रमा रोपाइँ सम्पन्न भएको निर्देशनालयको विवरणमा उल्लेख छ।

त्यसैगरी, सिरहामा ५४ हजार हेक्टरमध्ये २ हजार ७ सय हेक्टर (५ प्रतिशत) तथा सप्तरीमा ६८ हजार हेक्टरमध्ये ३ हजार ४ सय हेक्टर (५ प्रतिशत) क्षेत्रमा धान रोपिएको छ। सर्लाहीमा ४२ हजार ६९५ हेक्टर क्षेत्रफलमध्ये १ हजार ३६ हेक्टर अर्थात् २.५ प्रतिशत क्षेत्रमा मात्र रोपाइँ सम्पन्न भएको छ।



निर्देशनालयका अनुसार रौतहट र पर्सामा अझै व्यापक रूपमा रोपाइँ सुरु हुन सकेको छैन। पर्सामा ५३ हजार ९३८ हेक्टर तथा रौतहटमा पनि ठूलो क्षेत्रफलमा धान खेती हुने भए पनि पर्याप्त वर्षा र आवश्यक तयारी नपुग्दा रोपाइँ प्रक्रिया ढिलाइ भएको जनाइएको छ।

कृषि प्राविधिकहरूले समयमै पर्याप्त वर्षा भए बाँकी क्षेत्रफलमा पनि रोपाइँले तीव्रता लिने अपेक्षा गरेका छन्।

# समाजलाई जोड्ने पत्रकारितामा केन्द्रित हुन मन्त्री महतोको आग्रह

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले पत्रकारिताले समाजलाई विभाजित गर्नेभन्दा समाजलाई एकताबद्ध बनाउने भूमिका निर्वाह गर्नुपर्ने बताएका छन्।

मधेश मिडिया काउन्सिलले आयोजना गरेको ‘विश्वसनीय, मर्यादित र व्यावसायिक पत्रकारिता प्रवर्द्धनका लागि आचारसंहिता तथा भाषा र शैली’ सम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रममा बोल्दै मन्त्री महतोले सञ्चारकर्मीले सामाजिक उत्तरदायित्व, संवेदनशीलता र व्यावसायिकतालाई केन्द्रमा राखेर पत्रकारिता गर्नुपर्ने बताए।

उनले सत्य, निष्पक्ष र जिम्मेवार पत्रकारिताले लोकतन्त्रलाई



सुदृढ बनाउने उल्लेख गर्दै सञ्चारमाध्यमले समाजमा सद्भाव, एकता र सकारात्मक सन्देश प्रवाह गर्नुपर्नेमा जोड दिए।

मन्त्री महतोले स्वतन्त्र र स्वच्छ पत्रकारिता लोकतन्त्रको आधारस्तम्भ भएकाले प्रेस स्वतन्त्रताको संरक्षण र प्रवर्द्धनमा प्रदेश सरकार प्रतिबद्ध रहेको पनि बताए।

मधेश मिडिया काउन्सिलकी कार्यवाहक अध्यक्ष वन्दना झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आमसञ्चार प्राधिकरण मधेशका अध्यक्ष जितेन्द्र खड्गा, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बञ्जारा, महासंघका केन्द्रीय सदस्य राजेश कर्ण तथा नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साहलगायत सञ्चारकर्मीको सहभागिता रहेको थियो।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन